मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

२५ रजत महोत्सव

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

‘एक्सेलमा खाता सुरक्षित हामी त’
एक्सेल हाम्रो सुरक्षा बचत खाता
अब स्थानीय बैंकको खातामै पाउनुहोस् परिवारकै बिमा सुरक्षाको सुविधा ।
रू. १ करोड ५० लाखसम्मको बिमा सुविधा
♦१ करोडसम्मका दुर्घटना तथा पूर्ण अशक्तता बिमा
♦४० लाखसम्मको १८ घातक रोगहरुबिरुद्धको बिमा
♦१० लाखसम्मको औषधि उपचार बिमा
वार्षिक ७ प्रतिशत ब्याजदर
भिषा डेबिट कार्ड र स्मार्ट बैंकिङमा विशेष छुट ।
एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा

◆ वर्ष : २५ ◆ अङ्क : १२ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ मंसीर १२ गते विहीवार (Thursday, November 28. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# पाउरोटी उद्योगमा शिल



**काँकरभिट्टा, मंसीर ११।** मेचीनगरमा सञ्चालनमा रहेका अधिकांश पाउरोटी उद्योग मापदण्ड विपरीत रहेको पाइएको छ । बजार अनुगमन टोलीले अनुगमनका क्रममा यस्तो फेला पारेको हो । अधिकांश उद्योगले फोहोरमैलामा ध्यान नदिएको, मूल्यसूची नराखेको, कामदारको सुरक्षामा ध्यान नदिने गरेको अनुगमनका क्रममा भेटिएको बताइएको छ ।

बजार अनुगमन टोलीले झापाको मेचीनगर –१० स्थित अस्मिता पाउरोटी उद्योगमा मापदण्ड विपरीत रहेको भन्दै बुधबार शिलबन्दी गरेको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुर झापा, जिल्ला प्रशासन कार्यालय झापा, घरेलु तथा साना उद्योग कार्यालय झापा, मेचीनगर नगरपालिकाका जनप्रतिनिधिहरु, स्थानीय प्रशासनको संयुक्त बजार अनुगमन टोलीले मेचीनगरका आधा दर्जनभन्दा बढी पाउरोटी उद्योगको अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा कुलबहादुर पोखरेलको नाममा दर्ता रहेको उक्त पाउरोटी उद्योगले सम्बन्धित निकायहरुबाट दर्ता प्रमाण पत्र लिएको भएपनि मापदण्ड विपरीत उत्पादन गरेका कारण शिलबन्दी गरेको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुर झापाका प्रमुख खाद्य अनुसन्धान अधिकृत भरतबहादुर पुरीले जानकारी दिए ।

नेपाल सरकारको प्रचलित खाद्य सुरक्षा ऐनलाई वेवास्ता गर्दै खाद्य वस्तु उत्पादन गरी उपभोक्ताहरुको स्वास्थ्यमा खेलवाड गरेका कारण कारवाहीस्वरुप शिलबन्दी गरिएको टोलीमा संलग्न मेचीनगर नगरपालिकाका खाद्य अधिकृत दीपेन्द्र कार्कीले बताए । व्यवस्थित र मापदण्ड अनुसारको सवै व्यवस्था नमिलाएसम्मका लागि सञ्चालनमा रहेको मेसीनमा टोलीले शिलबन्दी गरेको हो ।

यसैगरी खगेन्द्र पोखरेलले सञ्चालन गरेको मेचीनगर –१०मा रहेको निशा पाउरोटी उद्योगमा उत्पादन भएका सबै खाद्य सामग्रीमा लेवल र मूल्य सूची नराखेको, तौलमा एकरुपता नभएको, उद्योगको वोर्ड नराखेको, सरसफाईमा ध्यान नदिएको अनुगमन टोलीले फेला पारेको थियो । उद्योग सञ्चालकलाई सवै उत्पादित वस्तुहरुमा लेवल तथा मूल्य सूचीको ट्याग राख्नुपर्ने, तौलमा समानता ल्याउनु पर्ने, कामदारको व्यक्तिगत सरसफाई तथा सुरक्षाको व्यवस्था मिलाउनु पर्ने, यथाशीघ्र मूल्य सूची राख्नुपर्ने

*(बाँकी अन्तिम पृष्ठमा)*

# ‘प्रधानमन्त्री तहबाटै सीमा विवाद सुल्झाऊ’

**झापा, मंसीर ११ ।** सीमाविद्, भूगोलविद् र नागरिक समाजका अगुवाले नेपालको कालापानी क्षेत्र भारतले आफ्नो नक्सामा समेटेर सार्वजनिक गरेको विषयमा प्रधानमन्त्रीको तहबाट तत्काल वार्ताको पहल थाल्नु पर्ने सुझाव दिएका छन् ।

सीमा बचाऊ, अभियानका तर्फबाट उनीहरुले सुगौलीसन्धिको धारा ५ का आधारमा उपलब्ध नक्सा, ऐतिहासिक दस्तावेज तथा नदी विज्ञानका आधारमा भारतसँग वार्ता गर्न आह्वान गरेका हुन् । वरिष्ठ पत्रकार भैरव रिसालको संयोजकत्वको अभियानका तर्फबाट बुधवार सो विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्याललाई ज्ञापनपत्र बुझाइएको छ ।

ज्ञापनपत्र बुझिसकेपछि मन्त्री अर्यालले नागरिक तहबाट गरिएको सो प्रयास सकारात्मक भएको र यसले सरकारलाई थप बल पुग्ने बताइन् । उनले यस विषयमा सरकारले सर्वदलीय र सर्वपक्षीय बैठकमा छलफल गरी राजनीतिक र कूटनीतिक माध्यमबाट समाधान निकाल्ने सम्बन्धमा राष्ट्रिय सहमतिसमेत भएको जानकारी दिइन् । उपरोक्त विषयमा सरकारले आवश्यक प्रमाण जुटाएको र राजनीति एवम् कूटनीतिक तवरमा सामाधानका लागि भित्रीरुपमा तयारी गरिरहेको मन्त्री अर्यालले दावी गरिन् ।

सो अवसरमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले आवश्यक प्रमाणका आधारमा विज्ञसम्मिलित टोलीमार्फत नेपाल सरकारले भारतसँग संवाद थाल्नु पर्ने बताउँदै राज्यले आफ्ना भूभागमा प्रभुत्व कायम राखिरहन सदैव राज्यका संयत्रमार्फत सक्रियता देखाउनुपर्ने विचार व्यक्त गरेकी थिइन् ।

पूर्वप्रशासक द्वारिकानाथ ढुङ्गेलले विगतका सरकारले कालापानी क्षेत्रको विवाद समाधानमा आवश्यक ध्यान नदिँदा समस्या देखिएको बताउँदै समाधानका लागि तत्काल उपलब्ध प्रमाणका आधार संवाद थाल्नुपर्ने सुझाव दिए । सीमाविद् हिरण्यलाल श्रेष्ठले भारतले हालै जारी गरेको नक्साको प्रतिवाद गर्न नेपालले पनि आफ्नो सम्पूर्ण सीमासहितका नक्सा जारी गर्नुपर्ने बताए । भूगोलविद् प्रा. डा. नरेन्द्रराज खनालले सुगौली सन्धिका आधारमा नेपालको उत्तर-पश्चिम सीमानास्थित लिम्पियाधुरासहित बनाइएको नेपालको नक्साका बारेमा प्रस्तुति दिएका थिए ।

अभियानले सरकारले सुगौली सन्धिको आधारमा लिम्पियाधुरासम्म नेपालको सीमा रहेको तथ्य प्रमाणसहित तत्काल नक्सासमेत श्वेतपत्र जारी गर्न सुझाव दिएको छ । सो क्षेत्रमा तैनाथ भारतीय सुरक्षाकर्मी हटाउन सरकारले अविलम्ब पत्र लेख्नुपर्ने, लिम्पियाधुरादेखि कालापानी र लिपुलेक क्षेत्रमा राज्यको उपस्थिति प्रष्ट देखिने गरी नेपालको तर्फबाट सुरक्षाचौकी तत्काल स्थापना गर्न समेत सुझाव दिइएको छ ।

ज्ञापनपत्रमा आह्वानकर्ताका तर्फबाट वरिष्ठ पत्रकार रिसाल, पूर्वमन्त्री शान्ता मानवी, पूर्वप्रधानन्यायाधीश कार्की, गौरीबहादुर कार्की, द्वारिकानाथ ढुङ्गेल, स्वनाम साथी, राजेन्द्र सुवेदी, डा. जगतकुमार भुसाल, कृष्णराज बर्मालगायतको हस्ताक्षर रहेको छ ।

# आयातित खसी बाख्रा चेकजाँच नगरे जफत

**भद्रपुर, मंसीर ११।** भारतबाट आयातित माछा, कुखुरा, खसी-बाखा लगायत पशुपंक्षी क्वारेन्टाइन चेकजाँच बिना नेपाल भित्र्याए जफत गर्न सरोकारवाला निकाय सहमत भएका छन् ।

झापाको काँकरभिट्टा, भद्रपुर र गौरीगञ्ज नाकामा पशु क्वारेन्टाइन चेकपोस्ट रहेको हुँदा सो नाकाबाहेक अन्य नाकाबाट अवैध रूपमा भित्र्याइएका पशुपंक्षी नियन्त्रण तथा रोकथाम गर्न झापाका प्रहरी, प्रशासन प्रमुख सहमत भएका हुन् । भद्रपुरस्थित नेपाल सामुदायिक विकास केन्द्रको सभाहलमा पशु क्वारेन्टाइन काँकरभिट्टाले बुधवार आयोजना सुरक्षा निकाय, व्यापारी तथा सरोकारवाला निकायहरूसँग गरिएको अन्तरक्रिया कार्यक्रममा नेपालमा प्रतिबन्धित पशुपंक्षी भित्र्याउन नदिन र माछाको क्वारेन्टाइन चेकजाँच गरी मात्र भित्र्याउन दिने अभियानमा लागीपर्नेमा व्यवसायीले पनि सहयोग पुऱ्याउने बताएका छन् ।

कार्यक्रममा पशु सेवा विभागकी उप महानिर्देशक सम्झना काफ्लेले अवैध रूपमा खुला सीमानाको फाइदा उठाउँदै जताततैवाट पशुपंक्षी विना चेकजाँच ल्याउँदा नेपालमा विभिन्न किसिमका रोगहरू भित्रिन थालेको बताइन् । देशमै माछा, मासुको उत्पादन गर्नु पर्ने बताउँदै

*(बाँकी अन्तिम पृष्ठमा)*

# ३३ वटा नयाँ पुल बन्दै

**सुनसरी, मंसीर ११।** प्रदेश १ का १४ ओटा जिल्लाहरूमा अब ३३ नयाँ पुल बनिने भएको छ भने एक सय पुलको डीपीआर शुरू गरिएको छ ।

स्थानीय, प्रदेश र संघीय सरकारको आर्थिक सहयोगमा प्रदेश १ भित्र ३३ वटा नयाँ पुल निर्माण थालिएको हो । नयाँ पुलसँगै १०० पुलको डीपीआर पनि शुरू गरिएको स्थानीय सडक पुल कार्यक्रम इकाई इटहरीले जनाएको छ । स्थानीय तहले एउटा, प्रदेश सरकारले २७ र संघीय सरकारले ५ वटा पुलमा लगानी गरी ३३ वटा नयाँ पुल निर्माण थालिएको हो ।

त्यसैगरी प्रदेश १ मा जीर्ण रहेका पुलको मर्मत पनि यसै बर्षदेखि शुरू हुने इकाई कार्यालय इटहरीले जनाएको छ । स्वीस सरकारको सहयोगमा बनिने पुलहरूमा स्थानीय सडक पुल कार्यक्रमले प्राविधिक रूपमा सहयोग गरेको छ । स्थानीय सडक पुल कार्यक्रम इकाई इटहरीका

*(बाँकी अन्तिम पृष्ठमा)*

# रोजगारदाताप्रति कठोर बन्दै सरकार

**झापा, मंसीर ११।** सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुन अटेर गर्ने रोजगारदाताप्रति कठोर ढङ्गबाट प्रस्तुत हुने सङ्केत गरेको छ ।

सामाजिक सुरक्षा दिवस २०७६ का अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र सामाजिक सुरक्षा कोषले बुधवार आयोजना गरेको कार्यक्रममा उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले श्रमिकको न्यूनतम् पारिश्रमिक र सामाजिक सुरक्षामा योगदान गर्न सकिँदैन भनी मौजुदा कानूनको पालनाबाट भाग्ने छुट कुनै पनि रोजगारदातालाई नभएको बताए ।

सामाजिक सुरक्षा योजना कार्यान्वयनको कुनै विकल्प छैन- उपप्रधानमन्त्री पोखरेलले भने- योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सरकार दृढताका साथ अघि बढ्छ। उनले कुनै पनि वहानाबाजी नगरी योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा सहभागी हुन उद्योगी व्यवसायीलाई आग्रहसमेत गरेका थिए ।

श्रमिकको उत्पादकत्व बढाउन तथा उद्योग प्रतिष्ठानको समस्या समाधान गर्न सरकार सदैव तयार छ भन्दै उपप्रधानमन्त्री पोखरेलले समाज, आम नागरिक र मुलुकको हितका लागि सरकारले ल्याएको कार्यक्रममा उत्साहपूर्वक सहभागी भई सफल बनाउन आनाकानी नगरी सहयोग गर्नु उचित हुने बताए । हरेक व्यक्ति सामाजिक सुरक्षामा आबद्ध हुनु आवश्यक छ, यो अहिलेको आवश्कता हो- उपप्रधानमन्त्री पोखरेलले भने । श्रममन्त्री रामेश्वर राय यादवले तत्कालका लागि औपचारिक क्षेत्रमा सामाजिक सुरक्षा कार्यक्रम लागू गरे पनि अब अनौपचारिक तथा स्वरोजगारमा संलग्न व्यक्तिलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याइने बताए ।

सामाजिक सुरक्षा योजनाको कार्यान्वयनले श्रमप्रति सम्मानको भावना जागृत गराई मर्यादित रोजगारी सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्ने उनले बताए । उनले सरकार, रोजगारदाता र श्रमिकको त्रिपक्षीय सहमतिका आधारमा योजना सञ्चालनमा ल्याइएको भन्दै छिटोभन्दा छिटो कोषमा सूचीकृत हुने आग्रह गरे । योजनामा सहभागी भई सुरक्षित भविष्य निर्माण गर्नुहोस् - उनले भने ।

मन्त्रालयका सचिव तथा कोषका अध्यक्ष विनोद केसीले सामाजिक सुरक्षा योजनाको कार्यान्वयनसँगै असल श्रम सम्बन्धको विकास, औद्योगिक विकास, आर्थिक स्थायित्वमार्फत राष्ट्रिय समृद्धिको बाटोतर्फ लम्कने लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याएको बताए ।

कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले मर्यादित जीवन र सुरक्षित भविष्यका लागि योजनामा सहभागी हुन आग्रह गरे । योगदान सङ्कलन र भुक्तानी प्रक्रियालाई सरलीकरण बनाइएको उल्लेख गर्दै उनले कोषको आफ्नै भवन, सातै प्रदेशमा शाखा कार्यालय तथा संस्थागत

*(बाँकी अन्तिम पृष्ठमा)*

# शिशुको मृत्युपछि पाँच लाख दिने सहमति

**झापा, मंसीर ११।** चिकित्सकको लापरवाहीका कारण पाँच महिने शिशुको मृत्यु भएको भन्दै बिर्तामोडमा रहेको मनमोहन मेमोरियल सामुदायिक अस्पताल तोडफोड भएको छ ।

बिर्तामोड निवासी बिजय लिम्बूको ५ महिने शिशु बिपीषा लिम्बूको मंगलवाररराति उपचारको क्रममा मृत्यु भएको थियो । निमोनिया भएर मंगलवार दिउँसो अस्पताल भर्ना गरिएकी विपीशालाई इन्जेक्सन लगाएलगत्तै पेट फुलेको र बालिकाको मृत्यु भएको भन्दै पीडित पक्षले अस्पतालमा तोडफोड गरेको हो । बिहानैबाट उपचारमा संलग्न चिकित्सकलाई कारवाहीको माग गर्दै आन्दोलनमा उत्रिएका मृतकका आफन्तले अस्पताल तोडफोड गरेका थिए ।

विवाद बढ्दै गएपछि इलाका प्रहरी कार्यालयमा सर्वपक्षीय बैठक बसेको र मृतक बालकका नाममा अक्षयकोष स्थापना गर्न अस्पतालले ५ लाख उपलब्ध गराउने भएपछि विवाद टुङ्गिएको थियो । सहमतिपछि अस्पताल प्रशासनले वुधवार १ लाख नगद र बाँकी ४ लाख मंसीर मसान्तभित्र दिने भएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मोहन थापाले जानकारी दिए ।

उपचारका क्रममा शिशुको अवस्था गम्भीर बनेपछि मनमोहन अस्पतालले शिशुलाई वीएण्डसी अस्पताल रेफर गरेको बताइएको छ । मंगलवार दिउँसो १ बजे शिशुको उपचारका लागि अस्पताल पुऱ्याइएको थियो । उपचारको क्रममा साँझ ५:३० बजे मृत्यु भएको बताइएको छ ।

कक्षा ९ र १० नपढी सिधै SEE/SLC पास
प्राईभेट SLC
फारम भर्न केही दिन बाँकी
100% ग्यारेन्टी पास नगरे पैसा फिर्ता
के यूवा,के बुढेसकाल अब सबैले पास गरौं । फोन बाटै Admission गरौं
कक्षा ९,१० वा SLC फेल भएका र पढाईबाट हरेस् खाईसकेकाहरुको लागी
गृहणी,व्यापारी,जागिरे,नेता वा कार्यकर्ता सबैले घरमा बसिबसि पास गर्नसकिने ।
८ पास गरी तर बिचमा पढाई छोडी वा विदेश गएकाहरुको लागी प्राईभेट SLC
सानै उमेरमा विवाह गर्दा,उमेर नाघेर विद्यालय जान लाज लाग्नेहरुको लागी
कक्षा ६,७ पास गरी बीचमा पढाइ छोडेकाले पनि कक्षा ८ पास गर्न सक्नेछन् ।
तपाई कुनै भ्रममा हुनुहुन्छ भने स्मरण रहोस्
१. विद्यालयको नै मार्कशिट पाइने २. १ वर्षमा नै SEE पास गर्न सकिने
शान्ति सेनामा जान वा जागिरबाट बञ्चित सबैले हामीलाई सम्झनुहोस् ।
MN पूर्वाञ्चल it कलेज
COMPUTER LANGUAGE,TUITION & ABROAD STUDY....
Birtamod,Jhapa Nepal 9825343424-9815961033
Urlabari-07, Morang, Nepal 9804386992-9815961033
Damak-5, Jhapa, Nepal 9815961033,9800933535
Taplejung - 9824065901, Phidim - 9807044522, Ilam - 9824066002




सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा
डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा
डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ
दैनिक सेवाहरु:
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा
नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म ।
२४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा
सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

Vacancy Announcemnt

St. Paul's English school which is located in the heart of charali is seeking qualified, hardworking and energetic candidates for the following posts.

| Subject | Level | Qualification |
| --- | --- | --- |
| Opt. Math | Secondary | B.S.C or equivalent |
| C.Math | L. Secondary | B.A or equivalent |

*Candidates having sound educational and English backgound may visit the school office with their bio-data and handwritten application.*

St. Paul's English School
Mechinagar-13,charali,Jhapa
023-460127/9816078141/9807985578

पायल्स तथा फिस्टुलाको उपचार
पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **मंसीर १३ र १४** गते काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।
बाणिज्य बैंक छेउ, बिर्तामोड,



# कांग्रेसलाई सच्चिन प्रचण्डको आग्रह

**धरान, मंसीर ११ ।** नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालले अहिलेको सरकार पाँच वर्षसम्म आरामले चल्ने बताएका छन् ।

सुनसरीको धरानमा आयोजित जनसभालाई सम्बोधन गर्दै अध्यक्ष दाहालले यस्तो बताएका हुन् । सरकारबिरूद्ध सामाजिक सञ्जालदेखि प्रतिपक्षी दलका नेताहरूले फिजाएको भ्रमको खण्डन गर्दै उनले सरकार ५ वर्षसम्म चलोस् भनेर आफैंले सहमति जनाए अनुसार अब कुनै अवरोधहरू नरहेको दावी गरे ।

कांग्रेस अब पनि नसुध्रिए एकादेशको कथा जस्तै म्युजियम सजाउन र बत्ती बालेर खोज्ने पार्टी मात्रै बनिनेछ, अब यो दिन देख्न धेरै छैन- अध्यक्ष दाहालले भने । आगामी मंसीर १४ गते हुन लागेको मेयर पदको उपनिर्वाचका सन्दर्भमा आयोजित जनसभालाई सम्बोधन गर्दै अध्यक्ष दहालले भारतले मिचेको नेपाली भूभाग तत्काल फिर्ता गराउन कुटनीतिक पहल गरिसकेको दावी गरे । उनले नेपालको कालापानी, लिम्पियाधुरा, लिपुलेकको एक इञ्च जमिन तलमाथि हुन नदिने प्रतिवद्धता जनाए ।

सभालाई सम्बोधन गर्दै अर्का प्रभावशाली नेता सुवास नेम्वाङले अहिलेको सरकार भ्रष्टाचार निर्मुल पार्ने अभियानमा लागेको बताए । नेता तथा पूर्व सभामुख नेम्वाङले कांग्रेसले भने जस्तो सरकार भ्रष्टाचारलाई बढावा दिने होइन कार्वाही गरेर देखाउने रहेको र देखाइरहेको दावी गरे ।

मेयर पदका उम्मेद्वार प्रकाश राईले धराने जनताले आफूलाई अत्यधिक मत दिएर जिताउनेमा बिश्वस्त रहेको बताए । कार्यक्रममा नेकपाका नेता भीम आचार्य , धरान उपमहानगरकी कार्यवाहक मेयर मञ्जु भण्डारी, नेकपाका नेता शिव डाँगी लगायतका नेताहरूले पनि बोलेका थिए ।

**नेकपा र कांग्रेसको प्रतिस्पर्धा**

मंसीर १४ गते हुने उपनिर्वाचनका लागि धरानको प्रमुख पदमा उम्मेदवारी दिएका दलहरु आ-आफ्ना एजेण्डा लिएर जनताको घरदैलोमा व्यस्त छन् । प्रतिस्पर्धी दलका प्रत्यासीले धरानको विकास निर्माणलाई मुख्य एजेण्डा बनाएका छन् । धरानमा १२ राजनीतिक दल र ११ स्वतन्त्रसहित २३ जनाले उम्मेद्वारी दिएका छन् । नेकपा र कांग्रेसबीच कडा प्रतिस्पर्धा हुने छ भने संघीय समाजवादी र संघीय लिम्बुवान मञ्चलगायतले पनि उम्मेदवारी दिएका छन् । धरानमा प्रमुख र वडा नं-७ को अध्यक्षका लागि निर्वाचन हुँदैछ ।

यसअघि धरानको प्रमुखमा तारा सुब्बा तत्कालीन एमालेबाट विजयी भएका थिए । एकवर्ष अघि मिर्गौला रोगका कारण उनको मृत्यु भएपछि उपनिर्वाचन हुन लागेको हो । नेकपाले राईलाई अघि सारेको छ भने नेपाली कांग्रेसले नगरसभापति तिलक राईलाई उम्मेद्वार बनाएको छ । संघीय समाजवादीले भूपू सैनिक गजेन्द्र इस्वोलाई अघि सारेको छ । त्यस्तै लिम्बुवान राष्ट्रिय मञ्चले अमर इजम(लिम्बू)लाई उम्मेदवार बनाएको छ ।

**मुख्य एजेण्डा विकास निर्माण**

दुई प्रतिस्पर्धी दल कांग्रेस र नेकपाले धरानको विकास निर्माणको भविष्यसँग जोडिएको स्वच्छ खानेपानी, व्यवस्थित बसपार्क, फोहर व्यवस्थापन, सुकुम्वासी समस्या, सर्दू र सेउती करिडोर निर्माण लगायतका मुद्दा उठाएका छन् ।

स्थानीय तहको निर्वाचन भए यता धरानको विकास निर्माणको लागि संघ प्रदेशबाट सवा अर्बको बजेट धरानलाई दिएकाले त्यो बजेट सदुपयोग गर्न र अघिल्लो नेतृत्वले थालेका योजना पूरा गर्न आफ्नो उमेद्वारी भएको नेकपाको उम्मेदवार राईले बताए । शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुदका लागि प्रदेश १ को 'हव' बनाउन धरानको विकास निर्माणलाई तीव्रता दिने उनको भनाइ छ । नेकपाकै पूर्व नगरप्रमुख मनोजकुमार मेन्याङ्बोको पालामा २०५४ सालदेखि शुरु भएको बसपार्कलाई स्थानीय, प्रदेश र संघको लगानीमा कार्यान्वयन हुँदै गएको र खानेपानी योजना पनि पूरा हुने चरणमा रहेको उनले बताए ।

धरानलाई आधुनिक शहर बनाएर विकासको मोडेल अध्ययनस्थल बनाउँछु, घरदैलोमा भेटिएका नेकपाका राईले भने -स्व तारा सुब्बाले शुरु गरेका गौरवको आयोजना पूरा गरेर धरानलाई समृद्ध शहर बनाउने मेरो सपना हो । धरानले केन्द्रको बजेट पाउनका लागि संघीयता नै पर्खिनु परेको बताउँदै यति बेला संघ र प्रदेशले रु. एक अर्ब २५ करोड बराबरको योजना दिएको उनले बताए ।

यस्तै कांग्रेसका उम्मेद्वार तिलक राईले स्थानीय तहमा देखिएको बेथितिले उपमहानगरका गौरवका आयोजना पूरा हुन नसकेकाले त्यस्ता बेथितिलाई रोक्न नेतृत्व परिवर्तन आवश्यक भएको बताए । उनले जनताको घरदैलोमा हाल उपमहानगरमा बेथिति भएको र कर अत्यधिक बढाएको विषयलाई मुद्दा बनाएका छन् ।

**२३ जनाको उम्मेदवारी**

विसं २०७५ साउन १ मा प्रमुख तारा सुब्बाको दुवै मिर्गौला फेल भएर उपचारका क्रममा निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । प्रमुखमा ११ दल र विभिन्न स्वतन्त्र गरेर २३ जनाको उम्मेद्वारी परेको निर्वाचन कार्यालयले जनाएको छ ।

यस्तै वडा नं-७ मा पनि वडाध्यक्षका लागि उपनिर्वाचन हुँदैछ । धरान उपमहानगरपालिका-७ को वडाध्यक्षका लागि चार जनाले उम्मेद्वारी दर्ता गराएका छन् । वडा सदस्यबाट राजीनामा दिएर नेकपाबाट जीवनराज सुवेदीले उम्मेद्वारी दिएका छन् । यस्तै कांग्रेसबाट सुवर्णमोहन पालिखे, संघीय लिम्बूवान मञ्चकी नीता राई, राप्रपाका दिनेश शाक्यले उम्मेदवारी दर्ता गराएका छन् ।

**अघिल्लो निर्वाचनको अङ्क गणित**

अघिल्लो निर्वाचनमा साविक नेकपा एमालेका तारा सुब्बाले २० हजार ९७५ मत ल्याएर विजयी भएका थिए । नेपाली कांग्रेसका तिलक राईले १६ हजार १०२ मत ल्याएका थिए । यस पटक पनि कांग्रेसले राईलाई नै अघि सारेको छ । साविक माओवादी केन्द्रले ११ हजार १८० ल्याएको थियो । संघीय समाजवादी पार्टीले उपप्रमुख मात्र उठाएको थियो ।

उपप्रमुखमा ५ हजार १८१ मत ल्याएको थियो । माओवादी केन्द्रसँग सहकार्य गरेको समाजवादीको ३ हजार मत पाएको बताइन्छ ।

जिल्ला निर्वाचन कार्यालय सुनसरीका अनुसार २०७४ सालको मतदाता सङ्ख्या ७९ हजार २९० रहेको थियो । यो वर्ष १३ हजार ५६३ थपिँदा ९२ हजार ८५३ मतदाता पुगेका छन् । आगामी उपनिर्वाचनमा मतदाता सङ्ख्या ९२ हजार ८५३ रहेको छ ।

२०७४ असार १४ को २०७४ को स्थानीय तहको चुनावमा भएको मतदाता सङ्ख्याभन्दा यो १३ हजार ५५६ बढी हो । धरानमा उपप्रमुखसहित १६ वटा वडामा नेकपाले र कांग्रेसले ४ वटा वडामा जितेको थियो ।

## अर्जुनधाराका मेयर रानालाई पितृशोक



**बिर्तामोड, मंसीर ११।** झापा अर्जुनधारा नगरपालिकाका मेयर हरिकुमार राना मगरलाई पितृ शोक परेको छ ।

नगर प्रमुख रानाका बुवा ८३ वर्षीय रामबहादुर राना मगरको बुधबार साँझ ५ बजे अर्जुनधारा-११ स्थित निजी निवासमा निधन भएको हो । उनी कलेजो सम्बन्धी रोगबाट पीडित थिए । उनलाई तीन साताअघि उपचारका लागि बिर्तामोडको बीएण्डसी हस्पिटलमा लगिएको थियो । उपचारपछि एक साताअघि उनलाई घर ल्याइएको उनको परिवारले जनाएको छ ।

उनकी श्रीमती पवित्रा, छोराहरु हरिकुमार, पुष्प र स्व. तारा राना, छोरीहरु मीना, स्व. मैया, १३ जना नातिनातिना र ८ जना पनाति-पनातिना रहेका छन् ।

स्व राना मगरको बिहीबार बिहान १० बजे कनकाई माईमा अन्त्येष्टि गरिने परिवारजनले जनाएको छ । नगर प्रमुख रानाकी श्रीमती शान्ति रानामगरको गत फागुन ३ गते ५९ वर्षको उमेरमा निधन भएको थियो ।

## एनसीडीसीका संस्थापक रहेनन्

**बिर्तामोड, मंसीर ११ ।** भद्रपुरस्थित नेपाल सामुदायिक विकास केन्द्र (एनसीडिसी)का संस्थापक अध्यक्ष रामप्रसाद ढुंगानाको ८४ वर्षको उमेरमा बुधबार निधन भएको छ ।

झापा भद्रपुर -८ क्याम्पसमोड निवासी ढुंगाना लामो समयदेखि सामाजिक कार्यमा सक्रिय रहेका थिए । नेपाल पत्रकार महासंघ झापाद्वारा स्थापित पत्रकार सहारा उपचार कोषका लागि सहयोगदाता समेत रहेका ढुंगाना विगत पाँच वर्षदेखि दुवै मृगौला खराव भएर डायलाइसिस गराइरहेको पारिवारिक स्रोतले जनाएको छ ।

वि.स. १९९३ साउन ३ गते जन्मिएका ढुंगाना नेपाल राष्ट्र वैंकमा ३० वर्ष सेवा गरेर सेवानिवृत्त भएका थिए । ढुंगानाका दुई श्रीमतीमध्ये एक श्रीमती र एक छोरीको यसअघि नै निधन भइसकेको बताइएको छ ।

हाल ढुंगानाकी श्रीमती तुलसादेवी ढुंगाना, तीनजना छोराबुहारीहरु राजेश-मीना, नरेश-मेन्दु, उमेश -भावना, चारजना छोरीहरु दीपा ढकाल, सरिता आचार्य, कविता गुरागाईं र नातिनातिनाहरु रहेका छन् । ढुंगानाका छोराहरु मध्ये राजेश साहित्यकार तथा पत्रकारकोरुपमा समेत परिचित छन् । ढुंगानाको बुधबार नै देउनिया खोलामा अन्त्येष्टि गरिएको पारिवारिक स्रोतले जनाएको छ ।

## बंगलादेशमाथि नेपालको जित

**काठमाडौं, मंसीर ११।** नेपाली राष्ट्रिय महिला भलिबल टोलीले १३औं दक्षिण एसियाली खेलकुद (साग)मा सानदार शुरुवात गरेको छ ।

बुधबार त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा भएको खेलमा नेपालले बंगलादेशलाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

नेपालले २५-९, २५-९ र २५-११ ले हराएको हो । घरेलु कोर्टमा नेपाल महिला टोलीले शुरुवातदेखि नै दवाव कायम गरेको थियो । बंगलादेशले खेल अवधिभर कुनै समय नेपालमाथि दबाब राख्न सकेन । कमजोर देखिएको बंगलादेशमाथि नेपालले पहिलो र दोस्रो सेट समान २५-९ अन्तरले जितेको थियो । तेस्रो सेटमा बंगलादेशले शुरुवाती समयमा चुस्त प्रतिस्पर्धा दिए पनि सोझो सेटको हार टार्न भने सकेन । प्रशिक्षक जगदीश भट्टले खेलको दोस्रो सेटपछि दोस्रो रोजाइका खेलाडीलाई अवसर दिएका थिए ।

दोस्रो सेटको अन्तिम समयतिर कोर्ट प्रवेश गर्दै स्पाइकर उषा भण्डारीले पनि राष्ट्रिय टोलीका लागि डेब्यु गरिन् । उनीसँगै सेन्ट्रल जोन प्रतियोगिता गुमाएकी हिरा केसी पनि दोस्रो सेटमा नै कोर्ट प्रवेश गरेकी थिइन् ।

### पाउरोटी ...

भन्दै अनुगमन टोलीले सजग गराएको खाद्य अनुसन्धान अधिकृत पुरीले बताए । प्रदीप राजवंशीले सञ्चालन गरेको पाथीभरा पाउरोटी उद्योगको उत्पादनस्थल अव्यवस्थित र फोहोरमैला भएको, सरसामानहरु जथाभावी राखिएको, उद्योगको भण्डारको व्यवस्थापन उचित नभएकाले आगामी दिनमा यसलाई व्यवस्थित गर्न टोलीले सुझाव दिएको छ ।

टोलीले मेचीनगर– ७ मा रहेको पवन वेकरी उद्योग, मेचीनगर – ६ मा रहेको नेहा स्नेह वेकरी उद्योगमा समेत अनुगमन गरेको थियो । सो क्रममा उद्योग परिसर अस्तव्यस्त र अव्यवस्थित तथा फोहोर मैला भएको भन्दै सञ्चालकहरुलाई सम्झाइएको र पुनः अनुगमन टोली आउँदा यसमा सुधार नआए कारवाही गर्ने चेतावनी दिइएको पुरीले बताए ।

टोलीमा जिल्ला प्रशासन कार्यालय झापाका प्रशासकीय अधिकृत यदुनन्दन दाहाल, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुर झापाका प्रमुख खाद्य अनुसन्धान अधिकृत भरतबहादुर पुरी, घरेलु तथा साना उद्योग कार्यालय झापाका प्रमुख छविलाल खतिवडा, मेचीनगर नगरपालिकाका खाद्य अधिकृत कार्की, मेचीनगर १० का वडाध्यक्ष सुदयकुमार पनेरु, इलाका प्रहरी कार्यालय धुलावारीका प्रतिनिधि श्रीमान राई, घरेलु तथा साना उद्योग कार्यालय झापाका हर्कबहादुर विक सहभागी थिए ।

### आयातित ...

उनले भनिन् -भारतबाट भित्र्याउनै परे क्वारेन्टाइन चेकजाँच गरी ल्याउनु पर्छ ।

पशु क्वारेनटाइन ऐनमा उल्लेख भएका नियम कानून तथा नियम विपरीत कार्य गरे हुने दण्ड, जरिवाना, सजाय तथा नष्ट गर्नुपर्ने आयातित वस्तुहरूको विषयमा समेत उनले जानकारी दिएकी थिइन् । पशु क्वारेन्टाइन काँकरभिट्टाका प्रमुख डा. अशोककुमार सिंहले चालू आर्थिक वर्षको चौमासिक तथ्याङ्क अनुसार सुरक्षा निकायको सहयोगमा २ लाख ३ हजार ८ सय रुपैयाँ बराबरको कुखुरा, माछा नष्ट गरिएको जानकारी दिए । कार्यक्रममा झापाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णकुमार निरौला, जिल्ला प्रहरी कार्यालय झापाका एसपी दिनेशराज मैनाली, सशस्त्र प्रहरी बल झापा २ नम्बर गणका एसपी रेशमकुमार थाक्सू, वडा प्रहरी कार्यालय भद्रपुरका यमकुमार श्रेष्ठ, भद्रपुर भन्सार कार्यालयका डोरराज सुब्बा, कुखुरा व्यवसायी संघ इकाई समिति भद्रपुरका हेमबहादुर कार्की लगायतले आ-आफ्नो धारणा राख्दै आयातित पशुपंक्षी नियन्त्रण गर्न लागीपर्ने बताए । पशु क्वारेन्टाइन काँकुरभिट्टाका पशु चिकित्सक डा. सुलेश्वर मण्डलले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन लेखापाल टङ्कप्रसाद नेपालले गरेका थिए ।

### ३३ वटा ...

इञ्जिनियर मंकेश्वर ठाकुरले दिएको जानकारी अनुसार प्रदेश १ मा थप एक सय वटा पुल निर्माणका लागि विस्तृत डिजाइन लागत इस्टिमेट (डीपीआर)को पनि काम शुरू गरिसकेको छ ।

डीपीआरको काम समेत यो वर्ष भित्रै सम्पन्न हुने गरी तीब्र गतिमा अघि बढाइएको स्थानीय सडक पुल कार्यक्रम इकाई इटहरीका इञ्जिनियर ठाकुरले जानकारी दिए ।

### रोजगारदाताप्रति ...

सुशासन कायम गर्दै अघि बढ्ने बताए ।

हालसम्म कोषमा १० भन्दा बढी हजार रोजगारदाता तथा एक लाख १५ हजार श्रमिक सूचीकृत भएका छन् ।


**दूध डेरी पसल बिक्रीमा**

बिर्तामोड नपा-१ अतिथि सदन रोडमा चालू अवस्थामा रहेको दूध डेरी तथा किराना पसल तु-बिक्रीमा छ ।
सम्पर्क : ९८६२६७१२१६

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित होटलका लागि निम्नानुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
कुक : २ जना
हेल्पर : २ जना
सम्पर्क : ९८०७९९३१७७
०२३-५४५४५७

**जग्गा विक्रीमा**

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
मो. ९८४२६५५९५०/९८०४९६९९९०

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९, ९८४१३२१४६४

**घर बनाउनका लागि नयाँ प्रविधि**

इटा, गिटी, बालुवा दोस्रो, तेस्रो, चौथो तथा पाँचौं तलासम्म लानका लागि मिनी क्रेन उपलब्ध छ । साथै मिक्सचर, जेनेरेटर, भाइब्रेटर, रड, काट्ने-बटार्ने कोरियन मेसिनहरु भाडामा उपलब्ध छ ।
सम्पर्क: ०२३-५४५७५३, ९८१७९५४२३८

**कर्मचारी तु-चाहियो**

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला ।
मोटरसाइकल हुनुपर्नेछ । तलबः १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ ।
सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

**आकर्षक घडेरी विक्रीमा**

चारपाने चौक, पूर्व बस स्टेण्ड, NICA बैंक उत्तर, सहारा नेपालको नयाँ भवन पछाडि, राजमार्गवाट ३ सय मिटर दुरीमा आकर्षक घडेरी विक्रीमा छ । दुईवटा वाटाले छोएको पर्याप्त मुख भएको जग्गा विक्रीमा रहेकाले इच्छुकले सम्पर्क राख्नु होला ।
सम्पर्क : ९८५२६७५३०९/९८०६०५४३६३

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

झापा गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
टाघनडुब्बा, झापा
१ नं. प्रदेश नेपाल
ईमेलः jhapagaunpalika@gmail.com
वेवसाईटः jhapamun.gov.np

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

मितिः- २०७६।०८।१२

यस कार्यालयको लागि तपशीलका पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

तपशिल

| विज्ञापन नं. | पद | संख्या | कार्यक्षेत्र | न्यूनतम् योग्यता | उमेर | उमेर |
|---|---|---|---|---|---|---|
| ०१/०७६-०७७ | रोजगार संयोजक (अधिकृत वा सो सरह) | १ | झापा गाउँपालिका | नेपाल सरकारबाट मन्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको | संक्षिप्त सूची प्रकाशन हुने मितिमा सूचना गरिनेछ । |
| ०२/०७६-०७७ | अमिन(सहायक चौथो वा सो सरह) | १ | झापा गाउँपालिका | लोक सेवा आयोगले तोकेको मापदण्ड अनुसार । | १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको | २०७६/०८/३० गते विहान ११, बजे गाउँ कार्यपालिकाको कार्यालय |

२. **परीक्षाको किसिम :-** क) रोजगार संयोजकको लागि :- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ बमोजिम
ख) अमिनको लागि :- लोक सेवा आयोगले तोके बमोजिम ।
३. **दरखास्त फारम पाइने स्थान :-** झापा गाउापालिकाको कार्यालय वा jhapamun.gov.np बाट उपलब्ध हुनेछ ।
४. **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :-**
क) शैक्षिक योग्यताको प्रमाणपत्र र सो को प्रतिलिपि, ख) नेपाली नागरिकताको प्रतिलिपि, ग) अनुभव भए सो को प्रमाणपत्र
घ) रकम दाखिला गरेको बैंक भौचर ।
५. **दरखास्त दिने स्थान :-** झापा गाउँ कार्यपालिकाको कार्यालय वा jhapagaunpalika@gmail.com मा आवेदन गर्न सकिनेछ ।
६. **दरखास्त शुल्क :-** रोजगार संयोजकको लागि १०००।- र अमिनको लागि ४००।- एन.आई.सि.एसिया बैंक झापा बजार शाखाको मुल संचित कोष खाता नं. K2CA०५१२५१४५२४०१ मा जम्मा गर्ने । अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

- प्रमुख प्रशासकीय अधिकृत

रोङ गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
पहरी गाउँ, इलाम
१ नं. प्रदेश नेपाल

**प्राविधिक जनशक्ति करारमा सेवा लिने सम्बन्धी सूचना**

(प्रथमपटक प्रकाशित मितिः २०७६/०८/१२)

रोङ गाउँपालिकाको लागि सम्बन्धित शाखा र वडा कार्यालयमा रहने गरी देहायमा उल्लेखित पदहरुमा प्राविधिक कर्मचारीको सेवा करारमा लिनुपर्ने भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र (सो दिन बिदा परे भोलिपल्ट) दरखास्त दस्तुर तिरेको रसिद सहित दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम, कार्यविवरण र सेवाका शर्तहरुसहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.rongmun.gov.np बाट उपलब्ध हुनेछ ।

देहाय

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा/समूह/तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१-०७६/०७७(प्रा.) | Sub-Engineer | इञ्जिनियरिङ र सिभिल र सहायक स्तर पाँचौं तह | २ |
| २ | ०२-०७६/०७७(प्रा.) | Assistant Sub-Engineer | इञ्जिनियरिङ र सिभिल र सहायक स्तर चौथो तह | २ |
| ३ | ०३-०७६/०७७(प्रा.र कृषि) | प्रा.स. | नेपाल कृषि सेवा, कृषि प्रसार समूह, सहाय कस्तर पाँचौं तह | १ |
| ४ | ०४-०७६/०७७(प्रा.र कृषि) | ना.प्रा.स. | नेपाल कृषि सेवा, कृषि प्रसार समूह, सहायकस्तर चौथो तह | १ |

१. **परीक्षाको किसिमः** अन्तर्वार्ता र प्रयोगात्मक ।
२. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः** Sub-Engineer,Assistant Sub- Engineer, प्रा.स.(कृषि), ना.प्रा.स.(कृषि)पदका लागि लोकसेवा आयोगले निर्धारण गरेको न्यूनतम् योग्यता आवश्यक हुनेछ ।
३. **उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको) ।
४. **दरखास्त दिने अन्तिम मितिः** २०७६/०८/२६ गते कार्यालय समयभित्र ।
५. **दरखास्त साथपेश गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको व्यक्तिगत विवरण(CV), शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाण-पत्र, कार्य अनुभव तथा लोकसेवा आयोगले सम्बन्धित पदका लागि निर्धारण गरेको आवश्यक न्यूनतम योग्यताका अन्य प्रमाणित प्रतिलिपिहरु । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।
६. **परीक्षा शुल्कः** सहायकस्तर पाँचौ तहका लागि रु ७००/- (सात सय) र चौथो तहका लागि रु ५००।- (पाँच सय) ।
७. **तलब स्केलः** नेपाल सरकारले तोकेबमोजिम ।
८. **परीक्षा केन्द्रः** रोङ गाउँकार्यपालिकाको कार्यालय ।
९. **दरखास्त दिने स्थानः** रोङ गाउँ कार्यपालिकाको कार्यालय
१०. **सम्पर्क मितिः** २०७६/०८/२७ गते कार्यालय समयभित्र
११. **परीक्षा मितिः** सम्पर्क मितिमा तोकिनेछ ।
१२. **पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा र समूह सम्बन्धी कार्यालयबाट तयार गरिएको कार्यशर्त विवरण (TOR) बमोजिम हुनेछ ।
**पुनश्चः** क) रोङ गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को बुदा नं. ४(३) बमोजिम छोटोसूची (Short List) तयार गरिनेछ । छोटोसूचीमा पर्न सफल उम्मेदवारहरुको मात्र अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा हुनेछ ।
ख) यस सूचनासँग सम्बन्धित अन्य जानकारी लिनु परेमा ९७५२६०५२५५ र ९८४२६३५३४४मा सम्पर्क गर्न सकिनेछ ।

**डिकप्रसाद दाहालः प्रमुख प्रशासकीय अधिकृत**


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## उपनिर्वाचन स्वच्छ र स्वतन्त्र हुनुपर्छ

**आगामी मंसीर १४ गते उपनिर्वाचनका लागि मतदान हुन गइरहेको छ । प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन भएको दुई वर्ष पुग्नै लाग्दा एउटा प्रतिनिधिसभा र तीन वटा प्रदेश सभा सिटका लागि निर्वाचन हुन लागेको हो यससँगै झण्डै ५० स्थानमा स्थानीय तहका पदाधिकारीको पनि निर्वाचन हुनेछ । ठीक अघिको आमनिर्वाचनमा विजेता रहेका जनप्रतिनिधिहरुले राजीनामा गरेपछि वा मृत्यु लगायतका विविध कारणले पद रिक्त रहेपछि बाँकी अवधिका लागि उपनिर्वाचन गरिन्छ । लोकतान्त्रिक मुलुकमा उपनिर्वाचन सर्वथा सामान्य विषय हो ।**

**उपनिर्वाचनको रनाहामा राजनीतिक दलका नेताहरु होस हराएर बोल्न थालेका छन् । उनीहरु यो निर्वाचनलाई जीवन-मरणको सबाल बनाइरहेका छन् । कोही चीनको सपना देखाउन थालेका छन् भने केही नेताहरु प्रत्यक्ष-परोक्ष रुपमा राष्ट्रियताको मुद्दालाई विवादमा तानिरहेका छन् । एकीकृत महाकाली सन्धी, कालापानी, लिपुलेकमा ठगिएको र मिचिएको देशको राष्ट्रियतालाई मजाकको विषय बनाउँदै दलीय स्वार्थका लागि आरोप-प्रत्यारोपमा उत्रिनु अत्यन्तै पीडादायी विषय हो । उपचुनावको क्षणिक लाभ-हानीका लागि राष्ट्रियता जस्तो गम्भीर विषयमा खेलबाड गरिनु निश्चय नै आलोच्य विषय हो ।**

**प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवा महाकालीवारीको लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र समेटेर नक्सा निकाल्न भारतलाई नेपालका प्रधानमन्त्री केपी ओलीले नै स्वीकृति दिएको अभिव्यक्ति दिइरहेका छन् । प्रधानमन्त्री ओलीका कार्यशैली र सरकारको कमजोर कार्यसम्पादनका सम्बन्धमा प्रश्न उठाउने प्रशस्त ठाउँहरु छन् । तर, मुलुकले एउटा भाग नै बेचेको लाञ्छना प्रधानमन्त्री ओलीमाथि लगाउनु निम्न स्तरको लाञ्छना हो । कांग्रेसका पार्टी सभापति र संसदीय दलका नेताले बोलेका कुरा पार्टीको आधिकारिक र संस्थागत धारणा नहुनु अति दुःखद् कुरा हो । चार पटक प्रधानमन्त्री भएका देउवाले देशको कूटनीतिक सामर्थ्य र पेचिलो भूराजनीतिक यथार्थ नबुझेका होइनन् । उनी साँच्चै सीमा मिचिएकामा पिरोलिएका हुन् भने मुलुकलाई एक ठाउँमा उभ्याउन र यो चुनौतिलाई सामना गर्न प्रधानमन्त्रीलाई सहयोग गर्नु र राष्ट्रिय एकताको सन्देश दिनुपर्थ्यो । उनीसँग कुनै प्रधानमन्त्री ओलीले राष्ट्रघात गरेको प्रमाणसहितको सूचना भए पनि यसरी बोल्नु राम्रो मान्न सकिन्न ।**

**आगामी उपनिर्वाचनलाई जनमत संग्रह जस्तो बनाइँदैछ । नेकपाका अध्यक्ष प्रचण्डले पनि उपनिर्वाचनलाई नेकपाको सरकारको लोकप्रियताको मापन गर्ने मापदण्ड बन्ने बताएर उपनिर्वाचनलाई अनावश्यक महत्व दिएका छन् । अघिल्लो पटकका प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनमा नराम्रो धक्का खाएको कांग्रेस उपनिर्वाचनमा जीत हासिल गरी सत्तारुढ दलभन्दा प्रतिपक्षको लोकप्रियता बढेको सिद्ध गर्न चाहन्छ । दुनियाँभरि नै यस्ता उपनिर्वाचनलाई सरकारको कामको मध्यावधि मूल्यांकनका रुपमा लिने गरिन्छ । नेपालमा पार्टीको आन्तरिक संगठन र स्थायी प्रभावले निर्वाचनमा जीत-हारलाई प्रभावित गर्छ । अघिल्लो निर्वाचनका समयमा दुई पार्टीको मोर्चाका रूपमा निर्वाचन लडेका तत्कालीन एमाले र माओवादी केन्द्र मिलेर नेकपा बनेको छ र एकीकरण प्रक्रिया जारी छ । यता कांग्रेस अझै पनि पुरानो हारको मारबाट उभिन सकेको छैन । प्रतिपक्षका रूपमा उसको भूमिका निकै कमजोर छ । निर्वाचनले कांग्रेसको दुई वर्षको गतिविधिको पनि मूल्यांकन गर्नेछ । परिणाम जे-जस्तो भए पनि निर्वाचनलाई निष्पक्ष र स्वतन्त्र बनाउन सहयोग गर्ने जिम्मेवारी निर्वाचन आयोग, सरकार, स्वतन्त्र संघ-संस्था र सञ्चार क्षेत्र सबैको हो ।**

# ताजा घटनाक्रमहरुले बढाएका राष्ट्रिय अप्ठ्याराहरु



नकुल काजी

आजभन्दा २८ दिनअघि भारतले मनचाहे हेपाहा नीति अख्तियार गरी प्रकाशमा ल्याएको उसको राजनीतिक मानचित्रले नेपाली भूगोललाई घातक चोट पुर्‍याउने हरकत गरेयता लगालग केही आन्तरिक आलोच्य घटना पनि भएका छन् । भारतको विभिन्न किसिमका अतिक्रमणकारी दादागिरी त नेपालले परम्परादेखि नै सहनुपर्दै आएकै छ । तापनि समय सँगसँगै नेपाली मानसमा आएको चेतना र सजग हुने आँटका कारण यसपटक बढी नै रक्षात्मक रंगको बिरोधलाई सशक्त तुल्याएको छ । यद्यपि, अहिलेसम्म कुनै सकारात्मक परिणाम के-कसरी कोरलिइएला भनेर अनुमान गर्नसक्ने परिस्थिति बनेको छैन । सरकारको लगाम जसका हातमा छ उसको राजनीतिक स्वार्थ-निर्देशित मौसमी राष्ट्रवाद फेरि पनि क्रियाशील भएर यथार्थ माथि थिचोमिचो भयो भने भारत उसको परपीडक खेलमा सफल हुन पनि सक्तछ ।

आन्तरिक आलोच्य घटनामा अहिलेको सर्वोपरि विषय बनेको छ– मन्त्री मण्डलभित्रका व्यक्तिहरु मध्ये केहीको चित्त नबुझ्दो हेरफेर । मौजूदा मन्त्री मण्डलले भोगेको शासनाधिकारका २१ महिना अन्तर्गत पछिल्ला औपचारिक सार्वजनिक अभिव्यक्तिहरुमा प्रधानमन्त्री के.पी. ओलीले जुन-जुन मन्त्रालय मातहतका कार्य प्रगतिलाई प्रशंस्य ठहरको टाँचा लाउँदै 'सरकारका उल्लेख्य उपलब्धि'- का बुँदा बनाइ आएका थिए तिनै मन्त्रालय सम्हाल्ने मन्त्रीहरु समेत हटाइएका छन् । प्रधानमन्त्रीले उपलब्धिमा सूचीकृत गर्न योग्य छानेका विभागीय मन्त्रालयका काम वास्तवमा लोक-मूल्याङ्कनमा पनि पर्दै आएकै हुन् । विशेषतः लालबाबु पण्डित र गोकर्ण बिष्टलाई मन्त्रीबाट हटाइँदा नागरिक समाजको बृहत् सरोकारी तप्कामा आलोचनाको निकै ठूलो र मैलो तरङ्ग तरङ्गित भयो । 'राम्राको होइन, हाम्राको पालो' आएको उद्विग्न नैराश्यपूर्ण गुनासाहरु कतै त कतै 'रणाकाललाई पुनरावृत्त गराउने किसिमको पाँडे पजनी' भयो भन्ने आक्रोश बाहिरिए भने कतै त झन् 'मन्त्री मण्डलमा हेरफेर मूलतः ओली-प्रचण्डका आशारामहरुको व्यवस्थापन' जस्ता च्वास्स घोच्ने टिप्पणीहरुले समेत देशका प्रायः सबै सूचना माध्यमहरुमा बजार पाए, पाइरहेका छन् । मन्त्रीहरुमा 'थपना' स्वरुप मन्त्री बीना मगर ; ज्ञानेन्द्र राजाकालका सञ्चारमन्त्री श्रीष समशेर राणाको 'सक्कल बमोजिम नक्कल' बानी-व्यहोरा र व्यवहार बर्ताउले आम सूचनासेवाप्रवृत्त बौद्धिकहरुसामू हैकमी र अचाडू गर्जनसाथ प्रस्तुत हुने सञ्चारमंत्री गोकुल बाँस्कोटा जस्ताहरुका प्रति बहिर्गमनको सरोकारी-अपेक्षाले लोप्पा खायो । यतिका दिन बितिसक्ता पनि मन्त्रीहरु हेरफेर भएको विषयभित्रको आलोचना हुनैपर्ने पक्ष निफन्ने नाङ्लो हुनबाट 'फेकबुक'-ले मुक्ति पाएको छैन ।

बेथिति र सत्तादलीय स्वेच्छाचारिताबाट खिन्न, असन्तुष्ट र आजित नागरिकले सरकारका कमी-कमजोरी र गल्तीलाई विरोधको अवसर बनाएर आन्दोलन र बाधा-व्यवधान सिर्जना गर्ने गर्दैछन् । यसबाट जन-भावना



परावृत्त भइरहेको बुझेर, जन्मजात अधिनायकवादी स्वभाव भएका कम्यूनिस्टहरुले चलाइरहेको भए पनि संघीय लोकतान्त्रिक संविधान अन्तर्गत चल्नुपर्ने, सरकारले लोकमतको सम्मान चाहिँ गर्नुपर्ने हो । मन्त्री मण्डल हेरफेर प्रकरणमा जनभावनाले कतातिर फर्केर के भन्दैछ भन्ने सरकारको शक्ति र स्थायित्व थिग्र्याउने धरातल हो भन्ने ठानिनु सरकार सबलीकरणको एउटा गतिलो उपादान होइन र ?

यस समय-सन्दर्भको अर्को महत्वपूर्ण आन्तरिक घटना बनेको छ– ओली र प्रचण्डबीच अधिकारको भागबण्डा । प्रधानमन्त्री पदमा वर्तमान संसदीय र अवधिभरि के.पी. शर्मा ओलीको एकाधिपत्य हकमा घुन-पुत्ली नलाग्ने र पुष्पकमल दाहाल 'प्रचण्ड' सत्तारुढ नेकपाको कार्यकारी अध्यक्षमा थान्को लाग्ने गरी वर्तमान नेपालको साधिकार राजनीतिक भोग-चलनको भागबण्डा लागेको छ । प्रधानमन्त्री ओली नेकपाको अध्यक्षमा साविक झैं छन् पनि । तत्कालीन एमाले र तत्कालीन माओवादी केन्द्रको संयोजन (fusion)-बाट बनेको नेपाल कम्यूनिस्ट पार्टी (नेकपा)-भित्रका वर्तमान उपल्ला प्रभावी (?) नेतामध्ये एमाले कुलका नेताहरु के.पी. ओली, माधव नेपाल र झलनाथ खनाल पार्टीभित्रको गुटगत राजनीतिबाट मुक्त छैनन् भने भीम रावल पार्टीभित्र प्रतिपक्ष (opposition within party)-को राजनीतिक चलखेलमा छन् । 'प्रचण्ड'-लाई यो कुराको भलिभाँती जानकारी हुनपर्छ । यी गुटगत फुटबाट पार्टीलाई हार्दिक रुपमै सगोल तुल्याउन नसके 'माओवादी कुलका 'प्रचण्ड'-लाई अहिले हेर्दा मीठो लालीपप देखिने अध्यक्ष पद कोक्याउने धतुरोमा रुपान्तर पनि हुन सक्तछ भन्ने विश्लेषणहरु पनि भइरहेका छन् । अधिकारको प्राप्ति तत्काल सुखद् लाग्नु स्वाभाविक हुन्छ, तर दुई कुलवंशीय विचार र अवधारणामा हुर्केका नेता-नायक र अगुवाहरुको मानसिकताको वैभिन्यलाई एकीकृत गर्न, तिनका विगत इतिहासमा उभिएर भन्नुपर्दा, मुस्किलै पर्ने देखिन्छ भन्नुपर्ने नै हुन्छ । त्यसमाथि गुटगत धारणा अवरोपण (root-out) गर्ने दायित्व पनि छ । जो पनि सहज छैन ।

उपप्रधानमन्त्री जस्तो कार्यपालिकाको उच्च पदधारक मधेसमार्गी नेता उपेन्द्र यादव यसै पनि सरकार र सत्तारुढ पार्टीका प्रति सकारात्मक देखिइरहेका थिएनन्, मन्त्री मण्डल हेरफेरको व्यहोराले उनलाई रन्काएको छ । भारतीय-नाकाबन्दीताका उनको भारतपरस्त क्रियाकलाप निकै बलियो थियो । अहिले उनी सरकारमा रहिरहनेभन्दा सरकार छोडेर राष्ट्रिय जनता पार्टीमा ससम्मान समाहित हुने मनस्थितिर बढी मुखर छन् भनिन्छ । राष्ट्रिय जनता पार्टी पुरानो उखाले 'वन साङ्ला' भन्ने गरिएकाहरु जस्तोको हुलप्रदत्त आत्मबलले चलिरहेको पार्टी हो र र त्यसका लागि यादवको पदार्पण थप भारतमुखी चलखेलको सहयोगी सिद्ध हुने दह्रोखरो विश्लेषण पनि भइरहेकोछ । त्यति मात्र होइन, यसबेला प्रखर रहेका सीमा अतिक्रमणको राष्ट्रव्यापी बिरोध दमन गर्न भारतले उसको निर्दयी र विवेकहीन 'चपाउने दाँत' उद्याउने औजार खोजिरहेको हुनसक्छ । भारतका देखाउने र चपाउने दाँतका घटनापरक वृत्तान्तहरु बारे कुन स्वाभिमानी नेपाली पो अनभिज्ञ होला र ! उसका दुई किसिमका दाँत सदैव दुवै सक्रिय हुन्छन् भन्ने नेपाललाई मात्र होइन सीमा जोडिएका सबै साना र निर्बल राष्ट्रहरुलाई समेत थाहा छ ।

दक्षिणी लठ्ठापारबाट बाली विनाशक अनिकाले कीरा 'सलह' (locust)-को चरित्र बोकी बोकी फिरङ्गी जनसंख्याको रुपमा पसेर तराई-मधेसको 'नेपाल'-लाई भित्रभित्रै सिध्याउने बाटोमा छ । राष्ट्रको परिभाषा अन्तर्राष्ट्रिय सीमारेखाभित्रको माटो (भूगोल) मात्र होइन । सनातन संस्कृति, परम्परा, मौलिक राष्ट्रिय भाव, मूलबासीका जातीय मौलिकता प्रतिको आभ्यान्तरिक सम्मान आदि सबै राष्ट्रको पहिचानका निधि मानिन्छन् र यिनै सबबाट हरेक राष्ट्र वैभवी भएको हुन्छ ।

अतः दक्षिण छिमेकीको स्वभावका कारण पनि यसबेला देश अक्करिलो अवस्थामा छ । खुल्ला सीमाका कारण र नेपालले राष्ट्रिय निर्वाहका धेरैथोकका लागि परनिर्भर हुनै परेका कारण सहिष्णु बन्न बाध्य हुन परेको अवस्था छ । यस्तो अवस्थामा सरकार चलाउने पार्टीको कमाण्ड चलाउन तेह्र वर्षअघि मात्र संवैधानिक मूलधारमा अवतरित पार्टीको मूल नेताका निम्ति मुश्किल पर्नु स्वाभाविक विवेकबाटै बुझिने कुरा हो । त्यसमाथि पनि दुई पार्टी संयोजित हालको नेकपामा आ-आफ्ना आग्रह हालसम्म पूर्णतः समेटिएका छैनन्, तेरी-मेरीको व्यवहार जीवन्त नै छ । अझ गुटगत राजनीतिक उफ्रीपाफ्री त्यसमाथि अर्को अप्ठ्यारो व्यवधान पनि छँदैछ । गुटगत र स्वार्थको लेनदेन जस्ता एकताघातक चलखेल चलेका बेला आफूले अर्जापिर तयार पारेका नेता-अगुवाहरुका प्रति मूल नेतृत्वमा मानवीय कमजोरी जाग्रत भई पक्षपोषण (soft corner)-को भाव-संक्रमण भयो भने त झन विद्यमान स्थिति नै पनि भत्किने खण्ड पर्दछ । अर्थात्, गत २८ दिनयता विकसित घटनाक्रमहरुले यस्ता अनेक चिन्ता जन्माएका छन् ।

आजलाई यत्ति नै । शेष फेरि–

# सरकारमा खोई ३३ प्रतिशत ?

विजया श्रेष्ठ केसी



यही मंसीर ४ गते ओली मन्त्रीमण्डल पुनर्गठन भएको छ । २५ जनाको मन्त्रिमण्डलमा दुईजना मात्र महिला मन्त्री छन् । अर्थात् मन्त्रिमण्डलमा महिलाको सहभागिता आठ प्रतिशत भयो । जुन अति नै न्यून संख्या हो । संविधानको मर्म विपरीतको काम हो ।

संविधानको धारा ३८-४ मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराइनेछ भनी स्पष्ट तोकिएको छ । अरु बेला जे-जस्तो अवस्था भए पनि दुई तिहाईको सरकार र दलले संविधानको मर्म उल्लंघन गर्न पाउँदैन भन्ने जनआकांक्षा छ ।

महिला आन्दोलनबाट प्राप्त महिलाको यो हकलाई संरक्षण गर्न राज्यको हरेक तह र तप्कामा कमसेकम ३३ प्रतिशत महिला सहभागिता हुनैपर्ने नीति बनाइयो, जुन अन्तरिम संविधानमा आधारित थियो । तर, निर्णय गर्ने स्थान मन्त्रिमण्डलमा महिलाको सहभागिता सन्तोषजनक भएन । नीति बन्यो, कार्यान्वयन भएन । अर्थात् व्यवहारमा लागू भएन भने नीतिको के काम ?

अझै पनि पार्टीले महिलालाई कुन व्यवहार गर्दछन् ? कुन दृष्टिले हेर्छन् भन्ने कुरा भनिरहनु पर्दैन । निर्णय गर्ने उच्च स्थानमा उनीहरू नै छन् । उदाहरणको लागि महिला बालबालिका मन्त्रालयमा पुरुष आएका छन् । उनी भन्छन्- महिला सवालामा पुरुष मन्त्री आएपछि झन् राम्रो सन्देश जान्छ ।

लोकतन्त्रमा जनताकै सरकार, जनताले बनाएको सरकार, जनताकै निम्ती बनाउनु साँच्चिकै चुनौतिको काम हो । लोकतन्त्रको आधार सक्रिय जनसहभागिता भएकोले ५० प्रतिशतभन्दा बढी संख्या भएको महिलाको सहभागितालाई महत्वपूर्ण शर्त मानिन्छ ।

यहाँनिर सम्झनुपर्ने कुरा के छ भने मौडोलिन के अलब्राइटले भनेको जस्तै 'हरेक देशले आफूले खोजेको जस्तै राम्रो नेता पाउनुपर्छ । त्यसैले महिलालाई प्रतिस्पर्धा गर्न दिनुपर्छ । होइन भने देशले महान प्रतिभा पाउने अवसर गुमाइरहेको हुन्छ ।'

नेपालको सन्दर्भमा हेर्ने हो भने वि.सं २००४ सालमा नेपाल महिला संघको स्थापनाको साथै नेपाली महिलाहरूले मतदान गर्न पाउने अधिकारको लागि आन्दोलन गरेको थिए । त्यसैको फलस्वरुप २००९ सालमा सम्पन्न स्थानीय निर्वाचनमा एक महिला सदस्य साधना प्रधान जनप्रतिनिधि चुनिएकी थिइन् । बि.सं २०१५ सालमा भएको संसदीय निर्वाचनमा प्रत्यक्ष भाग लिन र १०९ जना सदस्यमध्ये एकजना महिला द्वारीकादेवी ठकुरानी संसदको प्रतिनिधि निर्वाचित भएकी थिइन् ।

प्रतिशतको हिसाबले त्यो ०.९ प्रतिशत महिलाको सहभागिता थियो । तिनै द्वारीकादेवी ठकुरानी वीपी कोइरालाको मन्त्रिमण्डलमा पहिलो महिला मन्त्री भइन् । विविध आन्दोलन पार गर्दै आएको यो राजनीतिक आन्दोलनलाई निकै महत्वपूर्ण फड्को मानिन्छ ।

यसरी शुरु भएको महिला आन्दोलनले देशमा हुने हरेक परिवर्तन आन्दोलनको लागि काँधमा काँध मिलएर पुरुषहरूको साथ दिएको सर्वविदितै छ । त्यसैको परिणाम कमसेकम ३३ प्रतिशत महिला सहभागिता लेखिएको हो । यो कसैको कृपा कदापि होइन ।

त्यसैले संविधानसभाको निर्वाचन पछि व्यवस्थापिका संसदमा नेपाली महिलाको प्रतिनिधित्व एकैपटक बढेर ३२.८ प्रतिशत पुग्यो । महिला सहभागिता बृद्धिको कारण संसोधित कानूनलाई पहिलो संविधानसभाको निर्वाचनमा लागू गरियो । जसमा निर्वाचनको सम्पूर्ण उम्मेदवार मध्ये निर्वाचनको ३३ प्रतिशत महिला सहभागिता भन्ने राखियो । यो कारणले विश्वसामु नेपाल उदारणीय प्रशंसाको पात्र बनेको थियो । तर, निर्णय गर्ने स्थान कार्यपालिकामा यस्तो न्यून सहभागिता किन ? प्रश्नले म महिला भएको कारण पनि चिमोटिरहन्छ । देश अहिले संघीय प्रणालीमा छ । म रहेको प्रदेश सभा ३ नम्बर प्रदेशमा एक सय १० जनाको सदनमा ३७ जना महिला सांसद हुनुहुन्छ । जसमा २६ जना सत्ता पक्षका र ११ जना प्रतिपक्षका हुनुहुन्छ ।

प्रदेश ३ मा सातवटा मन्त्रालयमा न त महिला मन्त्रालय छ, न महिला मन्त्री । सदनमा प्रतिपक्षका माननीयहरूले यसबारे प्रश्न उठाउँछन्, कमसेकम एकजना महिला मन्त्री हुनुपर्छ भनी माग गर्छन् । तर, प्रश्नको जवाफ आउँदैन । सत्तापक्षका महिला माननीयहरू सायद संसदीय दलमा बोल्नुहुन्छ होला । सदनमा त्यस्तो आवाज आएको थाहा छैन । बरु हामी (प्रतिपक्ष)लाई बाहिर आएर धन्यवाद दिनुहुन्छ ।

सामाजिक सञ्जालमा महिला नेता र माननीयहरू पनि किन चुप ? भनि प्रश्न आउँछन् । एक-दुई जना साथीहरूले फोन गरेर प्रश्न सोध्नुभयो । जवाफ दिए, अनुसन्धानको विषय हो कि ? महिलाहरूले आफ्नो अस्तित्व र दायित्वको लागि सधै आन्दोलन र संर्घष मात्र गर्नुपर्ने ? आखिर यो कहिलेसम्म ?

सन् २००७ साल यता सायद सबैभन्दा बढी १५ प्रतिशत महिला मन्त्रि बनेका छन् भने सबैभन्दा कम ४ प्रतिशत । त्यो पनि पुष्पकमल दाहालकै नेतृत्वको सरकारहरूमा । समृद्ध नेपाल र सुखी नेपालीको ठूलो चाहना दिने, सपना देखाउने दुई तिहाईको सरकारले महिलाको अस्तित्व, दायित्व, सम्मान र सहभागिता बिना कसरी समृद्ध सम्भव देख्छ होला ?

*(केसी प्रदेश ३ कि सांसद हुन् ।)*

# मौन अवधि, चुनावको प्रचार-प्रसार सकियो



□ युद्धबहादुर बोहोरा

**पाँचथर, मंसीर ११।** आगामी मंसीर १४ गते पाँचथरमा हुने उपनिर्वाचनको मौन अवधि बुधबार राति १२ बजेदेखि शुरू भएको छ ।

जिल्लाका तीन स्थानीय तह हिलिहाङ्ग वडा न.७, फिदिम नगरपालिका-१ र फाल्गुनन्द गाउँपालिकाको प्रमुख पदको उपनिर्वाचनमा सबै क्षेत्रलाई अति संवेदनशील र मर्यादित बनाउन सम्पूर्ण सुरक्षा व्यवस्था मिलाइएको बताइएको छ । मौन अवधिमा पत्रकार सम्मेलन, अन्तरक्रिया साथै सामाजिक सञ्जाल मार्फत उम्मेदवारले मत माग्ने, उम्मेदवार वा राजनीतिक दलको प्रचार-प्रसार हुने गरि समाचार वा सूचना प्रकाशन, प्रसारण कुनै क्रियाकलाप गर्न नपाइने व्यवस्था छ ।

यसअघि चुनावलाई लक्षित गरी राजनीतिक दलहरुले निर्वाचन हुने क्षेत्रमा आफ्ना पार्टीका प्रभावशाली नेताहरुको उपस्थितिमा संयमित ढंगले कार्यक्रम सम्पन्न गरेसँगै चार्डपर्वमा सजाइएका बजार तथा गाउँबस्ती झैं झकिझकाउ देखिएका थिए । फाल्गुनन्द गाउँपालिकाको चुनाव सम्पन्न गर्न निर्वाचन अधिकृतको कार्यालय फाल्गुनन्द गाउँपालिकामा अधिकृतसहित नौ जना कर्मचारी र पाँच जना प्रहरी गरि जम्मा १४ जना रहेका छन् ।

त्यस्तै, पालिकाभित्रका केन्द्रहरुमा एक सय १५ जना कर्मचारी, एक सय ७० जनाभन्दा बढी जनपथ, ७० जनाभन्दा बढी सशस्त्र प्रहरी र ५० जनाभन्दा बढी नेपाली सेना तथा अनुसन्धान व्युरो परिचालन गरिएको निर्वाचन अधिकृत कार्यालयका सहायक राजेन्द्रप्रसाद भट्टराईले जानकारी दिए । यस गाउँपालिकामा १३ वटा मतदान केन्द्रको २३ वटा बुथमा १४ हजार पाँच सय ७७ मतदाताले मतदान गर्ने र त्यसका लागि यस क्षेत्रमा कर्मचारी समेत खटाइ सकिएको उनले बताए ।

निर्वाचन अधिकृतको कार्यालय फाल्गुनन्दले जनाए अनुसार १२ गते बिहान ८ बजे सर्वदलीय बैठक बस्ने, १४ गते बेलुका १० बजेसम्ममा निर्वाचन कार्यालयमा मत पेटीका ल्याइ पुऱ्याउने र १५ गते बिहान ८ बजे सर्वदलीय बैठक पछि बिहान १० बजेदेखि मतगणना शुरु गरी १६ गते दिउँसो १ बजेसम्ममा परिणाम घोषण गर्ने तालिका रहेको बताएको छ ।

यसैबीच जिल्लाको फाल्गुनन्द गाउँपालिकामा हुने अध्यक्ष पदको उपनिर्वाचनका उम्मेदवारहरु र मतदाताबीचको संवाद कार्यक्रम सम्पन्न भएको छ । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजना तथा पत्रकार महासंघ पाँचथरको संयोजनमा गाउँपालिकाको कार्यालय परिसर, घुर्बिसे पञ्चमीमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

मतदाताहरुले के चाहन्छन् वा उनीहरुको इच्छा के छ ? त्यो कुरा उम्मेदवारहरु समक्ष पुगोस् भन्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको महासंघका केन्द्रीय अध्यक्ष गोविन्द आचार्यले बताए ।

वरिष्ठ पत्रकार दिलभूषण पाठकले सहजीकरण गरेको संवादमा उनले कार्यक्रमको औचित्यबारे प्रष्ट्याउँदै सात राजनीतिक दलका उम्मेदवारलाई पालैपालो पार्टीको घोषणपत्रसहित जनता समक्ष आफ्नो प्रतिबद्धता व्यक्त गर्ने समय दिएका थिए ।

त्यस्तै उनीहरुलाई आफ्नो उम्मेदवारी किन ? अध्यक्षको जिम्मेवार पाएको खण्डमा, समावेशिताको सवाललाई कसरी समेट्नु हुन्छ ? आर्थिक नीति के छ ? पूर्वाधार, वेरोजगारी समस्या हल, भ्रष्टाचार नियन्त्रण र सुशासनका बारेमा कसरी कदम चाल्नु हुन्छ ? लगायतका सवालहरु सोधिएको थियो । उनीहरुले दिगो विकास र समृद्ध फाल्गुनन्द निर्माणमा आफूहरु सदैव लागिरहने प्रतिबद्धतासहित प्रश्नको उत्तर दिएका थिए ।

बदर हुने मतलाई कसरी न्यूनीकरण गर्ने, बालाबालिकाको विषयमा, छुवाछुत अन्त्य, मातृभाषा शिक्षा, अपाङ्ग, असहाय आदिको बारेमा नागरिकले उठाएका प्रसङ्गको जवाफ दिँदै - काम गर्ने अवसर दिनुहोस् हामी तपाईंहरुलाई केन्द्रविन्दुमा राखेर काम गर्ने छौं' मतदाता समक्ष उम्मेदवारहरुले अनुरोध गरेका थिए ।

विकसित मुलुकहरुमा यस किसिमको संवाद कार्यक्रम हुने गर्दछ । यस मार्फत उम्मेदवार र मतदाताबीचको सम्बन्ध सुमधुर रहने तथा योग्य नेता चुन्न सहयोग मिल्दछ ।

निर्वाचन आयोगले जारी गरेको स्वतन्त्र र निश्पक्ष निर्वाचन प्रणालीलाई मद्दत गर्न, मतदाताको घरदैलो गर्ने समय बचत गर्न र आर्थिक पक्ष समेत सहज हुने महासंघको धारणा कार्यक्रममा जानकारी गराइएको थियो ।

स्थानीय मतदाता संगको करिब दुई घण्टासम्म भएको अन्तरक्रियामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) तर्फका उम्मेदवार वीरबहादुर कुरुङबाङ, नेपाली कांग्रेस उम्मेदवार बृजहाङ्ग आङ्देम्बे, समाजवादी पार्टीबाट विमला नेम्बाङको सहभागिता रहेको थियो ।

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका शसुहाङ्ग चेम्जोङ (सुजन), संघीय लोकतान्त्रिक मञ्चका जितेन चेम्जोङ, जनमुक्ति पार्टीका इच्छाबहादुर चेम्जोङ र मंगोल नेशनल अर्गनाइजेशनका उदय सुनुवारको सहभागिता थियो । जम्मा आठ दलका उम्मेदवारले मनोनयन दर्ता गराएको भएतापनि राष्ट्रिय प्रजातान्त्र पार्टी (संयुक्त)का उम्मेदवार मोतीप्रसाद नेम्बाङको भने सहभागिता थिएन ।

महासंघका केन्द्रीय उपाध्यक्ष विपुल पोखेल, कोषाध्यक्ष राजेश मिश्र, प्रदेश नं. १ अध्यक्ष विक्रम लुइँटेल, उपाध्यक्ष सोम सुसेली, जिल्ला र स्थानीय स्तरका पत्रकारहरुसहित तीन सयभन्दा बढी मतदाता लगायतको सहभागितामा कार्यक्रम सम्पन्न भएको महासंघ पाँचथर शाखाका अध्यक्ष लवदेव ढुंगानाले जानकारी दिए ।

# शिवसताक्षीका डकर्मीलाई पहिलो प्राथमिकता दिइने



□ विनोद सापकोटा

**शिवसताक्षी, मंसीर ११।** झापाको शिवसताक्षी नगरभित्र सञ्चालन हुने निर्माणका हरेक आयोजनामा अबदेखि स्थानीय डकर्मीले प्राथमिकताका आधारमा काम पाउने भएका छन् ।

नगरको वेरोजगारी समस्या समाधान गर्न र वैदेशिक रोजगारका लागि पलायन हुने दक्ष डकर्मीलाई आफ्नै ठाउमा रोजगारी दिने उद्देश्यले यस्तो नियम बनाइने भएको हो । शिवसताक्षी नगरपालिका कार्यवाहक प्रमुख तथा नगरकार्यपालिकाका प्रमुख सचेतक कुलबहादुर बस्नेतले यस्तो कुरा खुलाएका हुन् । उनले भने- अबदेखि शिवसताक्षी नगरका डकर्मीले नगरभित्रका सरकारी योजनाका विकास निर्माणका काममा प्राथमिकताका आधारमा काम पाउने छन् ।

वडा नम्बर २ का वडाध्यक्ष समेत रहेका थापाले भने- 'नगरभित्रको वेरोजगारी समस्यालाई सम्बोधन गर्न र हरेक योजनाको प्रत्यक्ष-अप्रत्यक्ष रुपमा अनुगमनका लागि नगरभित्रका डकर्मीलाई प्राथमिकताका आधारमा काम दिन लागिएको छ, जसका कारण कमसल निर्माण सामग्री प्रयोग र अनियमिता हुने गरेको आरोपको समाधान पनि हुने छ ।' थापाले भने- 'स्थानीय डकर्मीलाई आफ्नै गाउँ, वडा र नगरका आयोजनामा काम गर्ने अवसर दिँदा निर्माणमा हुने बेथिती र अनियमित चिटीङ्ग गर्ने ठेकेदारको बदमासी समेत बन्द हुनेछ ।'

यसैबीच शिवसताक्षी नगरका डकर्मीहरुका लागि सात दिवसीय डकर्मी तालिम शुरु भएको छ । शिवसताक्षी नगर कार्यपालिकाको आर्थिक सहयोग र अमर जानकी कन्सल एण्ड वील्डर्स प्रालि इटहरीको प्राविधिक सहयोगमा शुरु भएको तालिम उद्घाटन कार्यक्रम नगरका प्रमुख लेखा अधिकृत भीमबहादुर खवासको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा बोल्ने अधिकांश वक्ताले तालिमबाट प्राप्त सीपलाई डकर्मीले भवन संहिताको न्यूनतम् कानूनको पालना गराई निर्माण पूर्व नक्सापास गराएर मात्र कुनै पनि संरचना निर्माण गर्न सुझाएका थिए । नगरका इञ्जिीनियर कृष्ण राई र अमर जानकी कन्सलका इञ्जिनीयर सुमन ओलीले डकर्मीले शिवसताक्षी नगरमा निर्माण हुने हरेक संरचनामा जिम्मेवार भएर काम गरे त्यस्ता संरचना ढले, लडे र भत्किएर कसैको पनि धनजनको क्षति नहुने बताए ।

कार्यक्रमको सञ्चालन नगरकै कर्मचारी विमल बास्कोटाले गरेका थिए । नगरका ११ वटै वडाबाट ३५ जना डकर्मीले तालिममा सहभागिता जनाएका छन् ।

# अपाङ्गता भएका बालबालिकालाई सिभिल बैंकको सहयोग

**सुरुङ्गा, मंसीर ११।** सिभिल बैंक लिमिटेड शाखा सुरुङ्गाले पुकार अपाङ्ग असक्त समाज कनकाईका बालबालिकालाई एक बर्षको खाद्यान्न सहयोग गरेको छ ।

बैंकको नवौं वार्षिकोत्सवको अवसर पारेर शाखा प्रबन्धक प्रकाश निरौला र सहायक प्रमुख रोशनबाबु सुवेदी लगायतले चामल, चिउरा, चिनी, तेल, दाल मसला लगायतका सामग्री प्रदान गरेका थिए ।

संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत अपाङ्गता भएका बालबालिकालाई खाद्यान्न सामग्री प्रदान गरिएको शाखा प्रमुख निरौलाले बताए । कार्यक्रममा सुरुङ्गा रेडक्रस सोसाइटीका अध्यक्ष प्रविन तिम्सिना, समाजका कोषाध्यक्ष कमल बस्नेत, तारा कोइराला लगायतले बैंकले असक्त बालबालिकाका लागि गरेको सहयोगप्रति प्रशंसा व्यक्त गरेका थिए ।

कार्यक्रममा समाजकी अध्यक्ष निर्मला ओझाले २१ जना अपाङ्गता भएका बालबालिका समाजको आश्रममा रहेको बताउँदै दाताप्रति धन्यवाद ज्ञापन गरेकी थिइन् ।


## झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ PAGAL PANTI
दोस्रो शो २:४५ PAGAL PANTI
तेस्रो शो ६:४५ PAGAL PANTI



(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ Cha Cha hu-i
दोस्रो शो २:४५ Cha Cha hu-i
तेस्रो शो ६:४५ Cha Cha hu-i





बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## बिना अपरेशन सफल उपचार



दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

### आवश्यकता

शिक्षक : २ जना
(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)
कुक : १ जना वेटर : ५ जना
लेखापाल : १ जना (अनुभवी)
महिला इन्चार्ज : १ जना (३० वर्ष पुगेको)
पिनाकल जब्स केयर सर्भिस
बिर्तामोड, (९८१४९०४७६४, ०२३-५४४६६०)

### बारमासे कागती खेती ! गरौं है उन्नती !!

बारै महिना र धेरै मात्रामा फलिरहने सबभन्दा उन्नत जातको कागती खेती गर्न राम्रो बिरुवा चाहिएमा आजै सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८१७९३३५८२
९८१३८४४९२९

### पसल तु-बक्रीमा

बिर्तामोडस्थित पूर्व-पश्चिम राजमार्गदेखि २०० किलोमिटर उत्तर हिमालय धर्मकाँटा-मातामन्दिर रोडमा रहेको अति चालू अवस्थाको होलसेल तथा खुद्रा । पसल तु-बिक्रीमा छ । इच्छुकले चाडै सम्पर्क राख्नु होला ।
सम्पर्क: ९८५२६४५४२०/९८०१४४५४२०

### शिक्षक आवश्यकता

Teacher : 1 (संस्कृति विषयको)
French Teacher : 1 (Language)
Pre-primary : 1 (मन्टेश्वरी ट्रेनिङ प्राप्त)
Abacus Teacher : 1
माथिको सबै बिर्तामोडको लागि चाहिएको ।
Math & science Teacher : 1
*(for 7 class)* काँकरभिट्टाको लागि ।
English Teacher : 1
*(for 7 class)* काँकरभिट्टाको लागि ।

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### जग्गा बिक्रीमा

बि.एण्ड.सी. हस्पिटलबाट ५ मिटर दुरीमा (हर्कलाल मार्ग छेउ) ४ पाटा मिलेको ८ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ ।
मो. ०२३-५४५७५३, ९८१७९५४२३८

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### सेक्युरिटी गार्डको आवश्यकता

पुरुष/महिला संख्या: २५
*सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम*
इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.
*प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा*
फोन: ०२३-५४५७८२, ९८०६०६१७००,
९८४४६८६९७०, ९८०६०७५६७८

### आवश्यकता

सेक्युरिटी गार्ड:- ४० जना *(महिला/पुरुष)*
*यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा

डा.सन्तोष कु. मिश्र
वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन
पिसाब विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा

डा.रोशन अटल
वरिष्ठ हाडजोर्नी,नशा,बाथरोग विशेषज्ञ
तथा ट्रमा सर्जन दैनिक सेवा

डा.पुष्पेन्द्र लिम्बु
वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल
केयर विशेषज्ञ दैनिक सेवा

डा.डि.के. आचार्य
वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन
दैनिक सेवा

डा.सबिन मानन्धर
नवजात शिशु तथा बाल रोग विशेषज्ञ
दैनिक सेवा

डा.मो.अक्तर अली
वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ विशेषज्ञ
दैनिक सेवा

डा. गौरव राज ढकाल
MBBS, MS, ORTHO (KU)
ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA)
NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट

डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
वरिष्ठ लिभर (कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर,
जण्डिस, हेपटाइटिस रोग विशेषज्ञ
(वि‍र अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ । )

डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ

डा.रोसन आचार्य
वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ
प्रत्येक बिहिबार

डा.सि.वि झा
वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ
प्रत्येक दिन ३:०० बजे पछी ।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८
९८११३३५६२४

नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ । मेहनतको परिणामले आत्मविश्वास बढ्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** सहयोगीहरूको साथले काममा उत्साह जगाउनेछ । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ भने आकर्षक उपहार प्राप्त हुन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आगन्तुकले अलमल्याउने हुँदा काममा विलम्ब हुनेछ । आलस्य गर्ने बानीले पनि अलि पछि परिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आकस्मिक कामले खर्च बढाउन सक्छ । सञ्चित रकम अरूलाई सरसापट दिनुपर्ने हुन सक्छ । परिवारजनबाट टाढिनुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अरूलाई समय दिँदा आफू पछि परिनेछ । अर्थ अभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जा मार्फत धन जुटाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** विदेश भ्रमणको समय छ । तर, करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अवसर पाइनेछ र मेहनतले लक्ष्यमा पुऱ्याउनेछ । दिगो फाइदा हुने काम हातलागी हुनेछ । श्रमको उचित मूल्यांकन होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पढाइमा प्रगति हुनेछ । व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । दिगो योजना प्रारम्भ गर्ने समय छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** श्रमको उचित मूल्य प्राप्त हुनेछ । सञ्चित धनको उपयोगले लाभ दिलाउनेछ । प्रतिक्षा गरिएको काम बन्नेछ भने उठ्नुपर्ने रकम पनि हातलागी हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** परिस्थिति अनुसार निर्णय लिन नसक्दा काम दोहोऱ्याउनुपर्ला । अवसरका लागि विवादास्पद जिम्मेवारी पनि वहन गर्नुपर्ला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** नियमित काम सम्पादन भए पनि निर्णायक मोडमा दुविधा उत्पन्न होला । बेसुरमा काम गर्दा समस्या पर्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बुद्धिको उपयोगले काम सम्पादन हुनेछ । आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । खर्च लागे पनि कामको जग बसाउने मौका छ ।

# पूर्वीनाकाबाट १२८ जना चिनियाँ नागरिकले लिए सुविधा

□ लक्ष्मी उप्रेती



**काँकरभिट्टा, मंसीर ११।** पर्यटकीय प्रयोजनका लागि नेपाल भ्रमण गर्न आउने चिनियाँ नागरिकलाई नेपाल सरकारले भिषा शुल्क मिनाहा गरे पनि पूर्वीनाकाबाट भने अपेक्षा अनुसार चिनियाँ पर्यटक प्रवेश गरेका छैनन् ।

सरकारले बढीभन्दा बढी चिनियाँ पर्यटक नेपाल भित्र्याउने उद्देश्यले सन् २०१६ जनवरीदेखि भिषा शुल्क मिनाहा गरेको थियो । सन् २०१९ सकिन करिब एक महिना बाँकी रहदा पूर्वी काँकरभिट्टानाकाबाट एक सय २८ जना चिनियाँ नागरिकले मात्र यो सुविधा लिएको अध्यागमन कार्यालय काँकरभिट्टाका कार्यालय प्रमुख जनक कोइरालाले जानकारी दिए ।

अध्यागमन नियमावली २०५१ को नियम ६ (२) बमोजिम बढीमा पाँच महिनासम्मका लागि चिनियाँ नागरिकलाई पर्यटक भिषा शुल्क सरकारले मिनाहा गरेको छ । नेपाल आउन चाहने चिनियाँ पर्यटकलाई लाग्ने भिषा शुल्क मिनाहा गरे पनि पूर्वीनाकामा यसको खासै प्रभाव नपरेको तथा अपेक्षा अनुसार चिनियाँ पर्यटककले यो सुविधा नलिएको कार्यालयको भनाई छ ।

चाइनिज पासपोर्ट भएकाले मात्र यो सुविधा पाउने तथा चिनियाँ भिषा नभएकाले भने अन्य मुलुकका नागरिक सरह भिषा शुल्क बुझाउनु पर्ने कार्यालयल जनाएको छ । चिनियाँ पर्यटक आउने खासगरी उत्तरी नाका भएकाले पनि पूर्वीनाकामा खासै प्रभावकारी नदेखिएको अध्यागमन अधिकारीहरुको भनाई छ ।

यो सुविधा प्रदान गरेको केही महिनासम्म सुविधा लिनेको संख्या शून्य झैं थियो । यो नाका हुँदै नेपाल घुम्न आउने चिनियाँ नागरिकको संख्या भने उच्च छ । तर, चाइनिज भिषा भएका भने कम आउने गरेका छन् । भिषा शुल्क मिनाहा भएपछि यस्तो भिषा भएका चिनियाँको संख्या बढ्नेमा कार्यालय विश्वस्त थियो । तर, खासै अपेक्षा गरिए अनुसार नभएको कार्यालयले जनाएको छ । पर्यटन व्यवसायीका अनुसार चिनियाँ पर्यटकका लागि फेब्रुअरी मुख्य महिना हो । तर, त्यो महिना पनि यो नाकाबाट खासै चिनियाँ पर्यटक भित्रिएका थिएनन् ।

प्रदेश नम्बर १ स्तरीय पर्यटन प्रवर्द्धन समितिका सदस्य तथा नेपाल एशोसिएशन अफ टुर्स एण्ड ट्राभल एजेन्ट्स नाटा पूर्वाञ्चल क्षेत्रीय समितिका संस्थापक महासचिव उदयकुमार श्रेष्ठका अनुसार सबैभन्दा बढी चिनियाँ पर्यटक तातोपानी नाका भएर नेपाल भित्रिन्थे । भुकम्पका कारण तातोपानी नाकामा क्षति पुगेपछि चिनियाँको आगमनमा सुधार आउन नसकेको हो ।

भिषा शुल्क मिनाहाले मात्र चिनियाँ पर्यटकको आगमन बढ्न नसक्ने उनको भनाई छ । 'चिनियाँ नागरिकलाई नेपाल सरकारले भिषा शुल्क मिनाहा गरे पनि पूर्वीनाकामा यसको कुनै प्रभाव देखिँदैन' पर्यटन व्यवसायी समेत रहेका श्रेष्ठ भन्छन्- 'भिषा शुल्क मिनाहाले पूर्वका ट्राभल व्यवसायीहरुमा कुनै उत्साह थपेको छैन । भिषा शुल्क मिनाहा गरेर मात्र के गर्ने ?' श्रेष्ठले भने- 'भिषा शुल्क मिनाहाले चिनियाँको आगमनमा उत्साह थपेको छैन, पूर्वीनाकाबाट चिनियाँ नागरिक नै नआएपछि मिनाहाको के अर्थ रह्यो पर्यटक नै नआएपछि व्यवसायी उत्साहित बन्ने कुरै भएन ।'

श्रेष्ठका अनुसार भिषा शुल्क मिनाहाले मात्र चिनियाँ पर्यटकको आगमन बढ्न सक्दैन । नेपालका जुनसुकै भागबाट नेपाल आउने १० देखि १५ प्रतिशत चिनियाँ नागरिकले मात्र हवाई मार्ग प्रयोग गर्ने बाकी स्थलमार्ग भएर आउने व्यवसायीहरुको भनाई छ ।

'देशका जुनसुकै भू-भागबाट नेपाल चिनियाँ पर्यटक आउँछन् पहिला त नाका सहज हुनुपर्छ' -पर्यटन व्यवसायी शंकर भट्टराईले भने- 'भिषा शुल्क मिनाहाले उति प्रभाव पारेको छैन ।' चिनियाँका लागि बाटोको समस्या छ । स्थलमार्ग भएर नेपाल आउने धेरै चिनियाँहरुले अहिले सहजरुपमा बाटो नपाएको व्यवसायीहरुको भनाई छ । बाटोको सूविधा नभएसम्म चिनियाँ नागरिकको आगमनमा सुधार नआउने व्यवसायीहरु बताउँछन् ।

व्यवसायीका अनुसार केही वर्ष अघिसम्म चिनियाँ पर्यटकको आगमनले थोरै भए पनि राहत मिलेको थियो । पछिल्लो समयमा उनीहरुको आगमन निक्कै कम छ । कहिले काहि चिनियाँ पर्यटक देख्नसम्म नपाइने पर्यटन तथा होटल व्यवसायी समेत रहेका रमेश अधिकारीको भनाई छ । उनी भन्छन्- 'अहिले जसरी चिनियाँ नागरिकहरु नेपाल घुम्न आउने गरेका छन् त्यसले पर्यटन र होटल क्षेत्रमा कुनै प्रभाव पर्दैन ।'

# ६५ जना विद्यार्थीको ग्रेडिङ



**बिर्तामोड, मंसीर ११।** झापाको बाह्रदशी गाउँपालिकामा रहेको कञ्चन ज्योति इङ्लिस स्कूलमा भएको कार्यक्रममा ६५ जना विद्यार्थीको ग्रेडिङ गर्दै वेल्ड प्रदान गरिएको छ ।

आई डब्लू एफएन (अन्तर्राष्ट्रिय वादो फेडेरेसन नेपाल)ले खेलाडी विद्यार्थीलाई यल्लो र वाइट वेल्ड प्रदान गरेको हो । विद्यालयका प्रिन्सिपल निमेश ढुङ्गेलको अध्यक्षता तथा अन्तर्राष्ट्रिय वादो फेडेरेसन नेपालका झापा जिल्ला अध्यक्ष मदनगोपाल सुब्बाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा बाह्रदशी गाउँपालिकाका करातेसंघका अध्यक्ष प्रेमबहादुर घिमिरे, प्रशिक्षक सहदेव राजवंशी, अर्जुनधारा जेसीजकी उपाध्यक्ष विमला भट्टराई, सुवास ढुङ्गेल लगायतले खेलाडीलाई शुभकामना दिएका थिए ।

कार्यक्रममा सहभागी वक्ताले विद्यार्थीलाई किताबी ज्ञानभन्दा व्यवहारिक शिक्षा दिनुपर्नेमा जोड दिएका थिए । उनीहरुले खेलकुदले विद्यार्थीमा अनुशासन कायम हुने भएकाले विद्यालयहरुले खेल विधालाई प्राथमिकतामा राख्नुपर्ने बताएका थिए ।

कार्यक्रममा करातेका जिल्ला प्रशिक्षक राधादेवी भट्टराई, विवेक राजवंशी, लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमकको सञ्चालन यादव पौडेलले गरेका थिए ।

# अभिभावक भेलामा वृक्षरोपण



**बिर्तामोड, मंसीर ११।** झापाको अर्जुनधारा-५ बैसाबारीस्थित नवज्योति आधारभूत बिद्यालयमा अभिभावक भेलासहित वृक्षरोपण गरिएको छ ।

बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष विश्ववन्धु थापाको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक चन्द्रकला भट्टराईले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा वीरता जेसीजका अध्यक्ष विशाल थापा, बिद्यालय व्यवस्थापन समितिका सदस्य माधवप्रसाद भट्टराई, शिक्षक अभिभावक संघका अध्यक्ष डिल्लीराम सापकोटा, सदस्य देवीनाथ खतिवडा, अभिभावक लक्ष्मीप्रसाद खनाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा बिद्यालयमा शिक्षकले पालना गर्नुपर्ने सात वटा नियम, अभिभावकले पालना गर्नुपर्ने छ वटा नियम, बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले पालना गर्नुपर्ने नौ वटा नियमहरु पारित गरिएको थियो ।

कार्यक्रममा बिद्यालयका प्रधानाध्यापक कमलप्रसाद भण्डारीले बिद्यालयको गतिविधि माथि प्रकाश पारेका थिए । उनले कक्षा १ सम्म अंग्रेजी माध्यमबाट पठनपाठनलाई तीव्रता दिइने, स्कूल बसको व्यवस्था गर्ने, भौतिक पूर्वाधारको व्यवस्था गरी नमूना बिद्यालयको रुपमा विकास गर्ने जानकारी दिए ।

सोही कार्यक्रममा बिद्यालय परिसरमा वृक्षरोपण समेत गरिएको थियो । वृक्षरोपणको उद्घाटन जग्गादाता चन्द्रमाया थापा र वीरता जेसीजका अध्यक्ष विशाल थापाले गमलामा फूलको बिरुवा रोपेर गरेका थिए । वीरता जेसीजले सौजन्य गरेको १५ वटा गमलामा फूलका बिरुवा रोपिएको थियो ।

त्यस्तै सोही कार्यक्रममा बिर्तामोडको वानस्टप महलमा रहेको रिद्धीसिद्धी कलेक्सनले बालशिक्षामा अध्ययनरत् बालबालिकाहरुका लागि टेलिभिजन प्रदान गरेको रिद्धीसिद्धी कलेक्सनका सञ्चालक सूर्य अधिकारीले बताए । कार्यक्रमको सञ्चालन बिद्यालय व्यवस्थापन समितिका सदस्य ओमप्रकाश लुइँटेलले गरेका थिए ।

# रक्तदान

**गौरादह, मंसीर ११।** झापाको गौरादहमा हत्या गरिएका तत्कालीन अखिल क्रान्तिकारी झापा जिल्ला अध्यक्ष रमेश सुवेदी र उपाध्यक्ष बिष्णु प्रधानको स्मृतिमा अनेरास्ववियु दमक बहुमुखी क्याम्पस इकाइद्वारा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा ५१ जनाले रक्तदान गरेका थिए । (नेकपा) शिबसताक्षी नगर अध्यक्ष महेन्द्र भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा दमक बहुमुखी क्याम्पसका निवर्तमान स्ववियु सभापति बिनोद चापागाई, नेकपा नेता रवी बस्नेत, स्ववियु सभापति रोशन भण्डारी, मदन भट्टराई, खगेन्द्र सुवेदी लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रम नेपाल रेडक्रस सोसाइटी दमक उपशाखाको प्राविधिक सहयोगमा भएको थियो ।


## दुबईमा सेक्युरिटी गार्डहरुलाई रोजगारको अवसर

कम्पनी : Arabian Gulf Security Services L.L.C. शहर : Dubai

पूर्व स्वीकृति मितिः 2018/08/13 चलानी नं. ६०१३३३५३ लट नं. 212823

| पद | संख्या | तलब | खान/बस्न | काम | करार |
|---|---|---|---|---|---|
| Security Guard | ५० | १५००/-AED | छैन/छ | ८ घण्टा २६ दिन | २ बर्ष |

SLC पास हुनुपर्नेछ, अंग्रेजी बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । उचाइ ५.५ इन्चभन्दा माथि । बेसिक तलब १५०० AED भएता पनि १२ घण्टा २६ दिनको २२७० कमाई हुनेछ ।

फाइनल अन्तरवार्ता यही मंसीर १७ गते मंगलबार होटल मोक्ष बिर्तामोडमा हुनेछ ।

परदेशी ओभरसीज प्रा. लि.

गौताला–काठमाडौं (फोनः ९८१५९८५६५७, ९८१४०५५५५०

## पसल तु-बिक्रीमा

बिर्तामोडस्थित मनमोहन हस्पिटल अगाडि सूर्योदय मार्केटमा अति चालू अवस्थाको गिफ्ट आइटमको पसल तु-बिक्रीमा छ ।

सम्पर्क : ९८१४९७६५५५

## बधाई तथा शुभकामना



यस पूर्वाञ्चल दैनिक पत्रिकाका धुलाबारी प्रतिनिधि सुमन बस्नेत श्रीमती सिता बस्नेतलाई यही २०७६ मंसीर ९ गते दोस्रो पुत्रीलाभ भएको हुँदा नव पुत्रीको सु-स्वास्थ्य एवम् दिघार्यूको कामनासहित बस्नेत परिवारप्रति हार्दिक बधाई ज्ञापन गर्दछौं ।

पूर्वाञ्चल दैनिक परिवार

बिर्तामोड, झापा

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

### बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- समयमै कर तिरी असल नागरिकको परिचय बनाऔं ।
- कुनैपनि व्यापार व्यवसाय,उद्योग धन्दा सञ्चालन गर्दा अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ता गरी प्रमाण पत्र लिऔं ।
- व्यवसायकर, घरबहाल कर लगायतका कर समयमा नै तिरेर स्थानीय क्षेत्रको विकासका लागि योगदान गरौं ।
- सार्वजनिक स्थल र सम्पत्तिको संरक्षण गरौ । सडक वरपर अनाधिकृत रुपमा अतिक्रमण नगरौं ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## Star Montessori

Buddhashanti-1, Jhapa. Tel. 023-555810

### VACANCY ANNOUNCEMENT

A well-established Montessori based school in Buddhashanti, Jhapa requires for the following posts. Interested candidates are welcome to apply along with typed application, photocopies of certificate and bio data within 2076/08/15. Can send your document and application through starmontessori2015@gmail.com or drop at office.

| S.N. | Post | Qty | Qualifica | Other qualification | Exp. | Salary |
|---|---|---|---|---|---|---|
| 1. | Teacher | 1 | Bachelor | Montessori trained, able to teach music, dance & Eng. subject | 2 Years | Minimum salary declared by govt NRs. 13450/- |
| 2. | Asst. Teacher | 1 | +2 pass | Montessori trained, Computer literate, dance & Eng. subject | 1 Year | NRs. 8500/- |
| 3. | Asst. Teacher | 1 | +2 pass | Able to teach to child fluency in english | 1 Year | NRs. 6000/- |

## महिला हराएको सूचना



बाह्रदशी गाउँपालिका वडा नं. ७ डाँगीबारी बस्ने वर्ष ३२ की गहुगोरी वर्ण भएकी पातलो शरीर रातो कुर्ता निलो सुरुवाल र कालो सल लगाएकी मानसिक अवस्था सामान्य भएकी गोमा गौतम भनिने धनमाया चम्लागाईं यही २०७६ कात्तिक १२ गते हल्दिबारी-५ जलथलबाट हराएकी हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछौं ।

*नोटः फेला पार्ने व्यक्तिलाई उचित पुरस्कारको व्यवस्था छ ।*

सम्पर्क :

९८१६०७३४४१/९८२६९०११४८

## स्वदेशी लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय इटहरी, सुनसरी

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको राष्ट्रियस्तरको संस्था )

शखा कार्यालय तिनघरे-इलाम (फोनः०२७-५५५२१८)

### यस वित्तीय संस्थाका ऋणीहरूलाई ३५ दिनभित्र कर्जा चुक्ता गर्न आह्वान गरिएको र चुक्ता नगर्ने ऋणीहरूको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७६/०८/१२)*

यस वित्तीय संस्थाको तिनघरे शाखा कार्यालयबाट निम्न बमोजिम कर्जा लिने ग्राहकहरुले म्यादभित्र कर्जा चुक्ता नगरेको र पटक-पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ, यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र वित्तीय संस्थामा आई कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको व्याज समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनु हुन सम्बन्धित ऋणी र धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचना द्वारा जानकारी गराइन्छ । साथै, यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो अचल सम्पत्ति वित्तीय संस्थाको अनुकूलता अनुसार संस्था आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

यो सूचना बमोजिम ३५ दिन भित्र चुक्ता नभएको कर्जाहरुको लागि वित्तीय संस्थामा धितो रहेको अचल सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रपत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३६ दिन देखि ५०औं दिन भित्र सम्बन्धित शाखा कार्यालयमा कार्यालय समयभित्र आइपुग्ने गरी बोलपत्र फारममा भएको शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश भएको कार्यालयमा ५१औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर, बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । बोलपत्र फारम वित्तीय संस्थाको केन्द्रिय कार्यालय वा कुनै पनि शाखा कार्यालयबाट रु. ३००।- (अक्षेरुपी रु. तीन सय) मात्र तिरी खरिद गर्न सकिने छ । शिलबन्दी बोलपत्रमा बोलकबोल गरिएको मूल्यमा धितो सम्पत्तिको हक हस्तानतरण हुन सक्ने हुँदा धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्दा वा वित्तीय संस्था आफैले सकार गर्दा समेत साविकमा वित्तीय संस्थाबाट भएको मूल्यांकनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा वित्तीय संस्था आफैंले सकार गरी लियो भनी कहीं कतै उजुर लाग्न नसक्ने व्यहोरा समेत सम्बन्धित ऋणी र धितो जमानत दिनेलाई यसै सूचनाबाट जानकारी गराउँदछौं ।

तपशील

| क्र.सं. | कर्जा शीर्षक र नं. | ऋणीको नाम र ठेगाना | सुरक्षणमा रहेको धितोको विवरण | ऋणीको फोटो |
|---|---|---|---|---|
| १. | स्वदेशी लघु उद्यमी कर्जा ०१४३१७००५९ | याम कुमारी महरा<br>ना.प्रा.नं :०३-०१-७१-०२१८६-इलाम<br>बुबाको नाम : कृष्णबहादुर दर्जी<br>पतिको नाम : हरि महरा<br>ससुराको नाम : बलबहादुर महरा | इलाम जिल्ला साविक लक्ष्मीपुर गा.बि.स.वार्ड नं.३ हाल इलाम जिल्ला सूर्योदय न.पा.वार्ड नं.१३ निजको श्रीमान हरि महराको नाममा मालपोत कार्यालय इलाममा दर्ता रहेको<br>३ (ङ) कित्ता नं.१८१, १-०-०-० को जग्गा |  |
| २. | स्वदेशी लघु उद्यमी कर्जा ०१४३१७००६२ | उषा रायमाझी<br>ना.प्रा.नं. :३३३/०४९- काठमाडौ<br>बुबाको नाम :पदमबहादुर रायमाझी<br>पतिको नाम : दिलीपकुमार गिरी<br>ससुराको नाम : बृखराज गिरी | इलाम जिल्ला साबिक बौद्धधाम गा.बि.स.वार्ड नं.८ हाल इलाम जिल्ला सुर्योदय न.पा.वार्ड नं.२ निजको श्रीमान दिलीपकुमार गिरीको नाममा मालपोत कार्यलय इलाममा दर्ता रहेको<br>८(च) कित्ता नं.१४, १-१-३-३ को जग्गा |  |
| ३. | स्वदेशी लघु उधमी कर्जा ०१४३१७०१५३ | थीरबहादुर लिम्बू<br>ना.प्रा.नं:०३-१-०२०/९०४९४- इलाम<br>बुबाको नाम : मनबहादुर लिम्बू<br>बाजेको नाम : केतबहादुर लिम्बू | इलाम जिल्ला साविक लक्ष्मीपुर गा.बि.स.वार्ड नं.६ हाल इलाम जिल्ला सूर्योदय न.पा. वार्ड नं. १३ निजको बुबा मनबहादुर लिम्बूको नाममा मालपोत कार्यालय इलाममा दर्ता रहेको<br>६(घ) कित्ता नं. १२, ४-२-१-२ को जग्गा<br>६(घ) कित्ता नं. ६९, २-९-२-० को जग्गा<br>६(घ) कित्ता नं. ७०, २-९-१-० को जग्गा |  |

**थप जानकारी :-** बोलपत्र फारममा उल्लेखित बोलपत्र सम्बन्धी शर्त बन्देजहरु समेत यसै सूचनाको अभिन्न अङ्ग हुनेछ ।

**शाखा कार्यलय :** तिनघरे इलाम **सम्पर्क नं. ९८०१९०४३१४, ०२७-५५५२१८**

